# Final Report

"द्वन्द्व पीडितहरुको न्यायमाथि पहुँच र दीगो जीविका" विषयक कार्याशालाको प्रतिवेदन

## Workshop on Access to Justice and Sustainable Livelihood for Conflict Victims

२०६३ मंसिर ८ **(24 November 2006)**


**Organized by : FOHRID Human Rights and Democratic Forum**

मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड)

१९६/१४ राधेमार्ग, डिल्ली बजार, काठमाडौं

फोन ०१४४२३१२५, फ्याक्स ०१४४३८८१२,

**E-mail : fohrid@wlink.com.np**

**Website : www.fohrid.org.np, www.fohridnetwork.org**

**Supported by : Actionaid Nepal**

**GPO Box : 6257, Lazimpat, Kathmandu, Nepal**

**Tel : 977-1-4436477, Fax : 977-1-4419718**

**Website : www.actionaid.org/nepal**


विषय सूची

क. पृष्ठभूमि तथा सन्दर्भ ........ १
ख. कार्यक्रमको आधार र सरोकारका मुद्दा ........ १
ग. उद्देश्य ........ २
घ. कार्यशाला कार्यान्वयन ........ २
ङ. कार्यक्रमको प्रोसिडिङ (Proceeding) ........ २ – ११
१. उदघाटन सत्रः– ........ २
२. दोस्रो सत्रः– समानान्तर कार्यशाला ........ २
२.१. द्वन्द्व पीडितहरुको प्रमाणीकरण ........ २
समस्या र कठिनाइहरु ........ २
सुझावहरु ........ ३
२.२. द्वन्द्व पीडितहरुको न्यायमाथि पहुँच र प्रत्याभूति ........ ४
समस्या र कठिनाइहरु ........ ४
सुझावहरु ........ ५
२.३. द्वन्द्व पीडितहरुको जीविकामाथि पहुँच र प्रत्याभूति ........ ८
समस्या र कठिनाइहरु ........ ८
सुझावहरु ........ ९

## अनुसूचीहरुः

**अनुसूची १**
उद्घाटन सत्रका मन्तव्यहरु ........ १२–१९

**अनुसूची २**
कार्यपत्र "द्वन्द्व पीडितको प्रमाणीकरणः आवश्यकता, चुनौति र उपाय" ........ २०–२७

**अनुसूची २.१.**
सहभागिको नामावली र मन्तव्य ........ २८–३१

**अनुसूची ३**
कार्यपत्र "द्वन्द्व पीडितहरुको न्यायमाथि पहुँच र संक्रमणकाल : छलफल पत्र" ........ ३२–३९

**अनुसूची ३.१**
सहभागिको नामावली र मन्तव्य ........ ४०–४३

**अनुसूची ४**
कार्यपत्र "द्वन्द्व पीडितहरुको जीविकामाथि पहुँच : अवधारणा पत्र" ........ ४४–४९
र "द्वन्द्व पीडित महिलाहरुको जीविका र न्यायमाथि पहुँच" ........ ५०–५४

**अनुसूची ४.१.**
सहभागिको नामावली र मन्तव्य ........ ५५–५९

**अनुसूची ५.**
कार्यक्रमसँग सम्बन्धित चिठी-पत्र ........ ६०–६३

**अनुसूची ६.**
फोटो तथा न्यूज क्लिप ........ ६४

**अनुसूची ७.**
आर्थिक विवरण ........ ६५

## "द्वन्द्व पीडितहरुको न्यायमाथि पहुँच र दीगो जीविका" विषयक कार्याशालाको प्रतिवेदन

## Workshop on Access to Justice and Sustainable Livelihood for Conflict Victims

**२०६३ मंसिर ८ (24 November 2006)**

### क. पृष्ठभूमि तथा सन्दर्भ

नेकपा (माओवादी)ले १९९६ बाट जनयुद्ध सुरु गरेयता नेपालको मानवअधिकारको अवस्था अत्यन्तै खस्कँदो स्थितिमा पुग्यो । यो सशस्त्र द्वन्द्वबाट लगभग १५ हजार मानिसहरुले ज्यान गुमाएको अनुमान गरिएको छ । राष्ट्रिय मानवअधिकार आयोगलगायतका मानवअधिकारवादी संघ-संस्थाहरुले सरकारी सुरक्षाफौजले १४ सय भन्दा बढी मानिसहरुलाई वेपत्ता पारिएको जनाएका छन् । त्यसैगरी नेकपा माओवादीको तर्फबाट ३०० भन्दा बढी मानिसहरुलाई वेपत्ता पारिएको अनुमान गरिएको छ । अर्कोतर्फ आन्तरिक विस्थापितको संख्या भयावह छ । लगभग २ लाख मानिसहरु आन्तरिक विस्थापनमा परेका छन् । सयौंको संख्यामा भारततिर पलायन भएका छन् । यो सबै मानवीय पीडाको मुख्य कारण सशस्त्र द्वन्द्व नै थियो । सामाजिक तथा आर्थिक दृष्टिकोणबाट हेर्दा द्वन्द्व प्रभावित मानिसहरुको अवस्था जोखिमपूर्ण स्थितिमा रहेको छ । साथै तिनीहरुको जीविकाको श्रोत ध्वस्त भएको छ । स्वतन्त्र र स्वच्छ न्यायमाथिको पहुँच प्रायः शून्य छ । यस्तो अवस्थामा द्वन्द्व पीडितहरुको वास्तविक पहिचान गरी उनीहरुको न्याय तथा जीविकामाथिको पहुँचलाई प्रत्याभूति दिन प्रभावकारी कदमहरु चालिनुपर्छ भन्ने मान्यताबाट यो कार्यक्रम चयन गरिएको थियो ।

### ख. कार्यक्रमको आधार र सरोकारका मुद्दा

१) द्वन्द्व पीडितहरुको वास्तविक तथ्याङ्क र पहिचान जटिल छ । हाल मुलुक शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायको स्थितिमा छ । शान्ति र प्रजातन्त्रतर्फको संक्रमणका साथै द्वन्द्व पीडितहरुको पहिचान हाम्रो सामु प्रमुख मुद्दा बनेको छ । हामीले विशेष प्राथमिकताका साथ द्वन्द्व पीडितहरुको पहिचान, प्रमाणीकरण र पीडितहरुलाई निश्सा प्रदान गर्ने कार्य सुरु गर्नुपर्ने बेला आएको छ । यसले गर्दा पीडितहरुको न्याय र जीविकामाथि पहुँच स्थापना गर्न सजिलो हुनेछ । त्यसैले द्वन्द्व पीडितहरुको प्रमाणीकरणका लागि ठोस कदमहरु अघि बढाउन सुरु गरिनुपर्छ । अतः यो कार्यशालाको प्रथम ध्येय द्वन्द्व पीडितहरुको प्रमाणीकरण के-कसरी गर्ने र यस सम्बन्धमा कस्तो विधि र नीतिलाई अवलम्बन गर्ने भन्ने रहेको थियो ।

२) गरिवीका कारण नेपालीहरुको जनजीविका स्वभाविक रुपमा कष्टप्रद थियो । द्वन्द्वले यसलाई अझ भयावह बनायो । र, द्वन्द्व पीडितहरुको जीविकाको सवाल झन जटिल र दयनीय स्थितिमा पुग्यो । द्वन्द्व पीडितहरु आर्थिक उत्पादन र आयश्रोतका अवसरहरुबाट पूर्णतयाः विमुख भएका छन् । गरिवी एकातिर विद्यमान थियो । अर्कोतर्फ द्वन्द्वले समाजलाई अझ गरिवीतर्फ धकेल्यो । परिणामस्वरुप द्वन्द्वको मारमा परेका पीडित परिवारका आधारभूत आर्थिक अधिकारहरुको प्रत्याभूति शून्य भयो । यस्तो अवस्थामा पीडित परिवारहरुको पहिचान गरी उनीहरुलाई आयआर्जनका क्रियाकलापहरुमा सहभागी गराउँदै दीगो जीविकामा टेवा पुऱ्याउने उपायहरुको खोजी गर्ने उद्देश्यतर्फ यो कार्यशाला केन्द्रीत रहेको थियो ।

३) सरकारी सुरक्षाफौज तथा माओवादी विद्रोही समूहद्वारा सशस्त्र द्वन्द्वका क्रममा सर्वसाधारणविरुद्ध लक्षित हिंसात्मक आक्रमणका घटनाहरु उल्लेखनीय मात्रामा घटाइए । यसले सर्वसाधारणमा ठूलो मात्रामा मानवीय तथा भौतिक क्षति पुऱ्यायो । साथै, द्वन्द्वका पक्षहरुले मानवताविरुद्धका अपराधहरु गरी हजारौं नागरिकहरुलाई पीडित बनाए । सामूहिक हत्या तथा Mass Ambushing जस्ता घटनाहरुका कारण सयौं मानिसहरु घरवारविहिन भए । अतः यो द्वन्द्वबाट न्याय खोसिएका मानिसहरुलाई न्याय दिलाउने अभियानलाई तत्काल सुरु गरिनुपर्छ । न्याय प्रक्रियाभित्र दोषी पक्षलाई ल्याई पीडित पक्षलाई अविलम्ब न्याय दिलाउनका लागि प्रभावकारी कदमहरु चाल्न सक्नुपर्छ । त्यसैले पीडित परिवारहरुलाई न्याय

दिलाउने सम्बन्धमा के – कस्ता कार्य र रणनीति आवश्यक छ भन्ने कुराको पहिचानतर्फ कार्यशाला केन्द्रीत रहेको थियो ।

**ग. उद्देश्य**

१) पीडित परिवारहरुको पहिचान, प्रमाणीकरण र निश्सा प्रदान गर्ने उपायहरुको निर्क्योल गर्ने,

२) पीडितहरुको न्यायमाथि पहुँचलाई सुनिश्चित गर्नका लागि व्यवहारिक उपाय, रणनीति र संयन्त्रहरुको निर्क्योल गर्ने,

३) पीडित परिवारहरुको आय आर्जन र दीगो जीविकाको पक्षमा के कस्ता उपायहरु र क्रियाकलापहरु सञ्चालन गर्न सकिन्छ भन्ने पक्षको एकिन गर्ने ।

**घ. कार्यशाला कार्यान्वयन**

कार्यशालाको कार्यान्वयनलाई दुई सत्रमा विभाजन गरिएको थियो । पहिलो उद्घाटन र मन्तव्यको सत्र रहेको थियो । दोस्रो सत्रमा तीनवटा मुद्दामा समानान्तर कार्यशाला/छलफल सम्पन्न भएको थियो । उक्त समानान्तर कार्यशालाका शीर्षकहरु निम्न रहेका थिए-

१) द्वन्द्व पीडितहरुको प्रमाणीकरण
२) द्वन्द्व पीडितहरुको न्यायमाथि पहुँच र प्रत्याभूति
३) द्वन्द्व पीडितहरुको जीविकामाथि पहुँच र प्रत्याभूति

उद्घाटन सत्रपछि सहभागीहरुलाई तीनवटा समूहमा विभाजन गरियो । प्रत्येक समूहमा कार्यपत्रका साथ विद्यमान समस्या र समाधानका उपायहरुमाथि छलफल गरी सुझावहरु प्रस्तुत गर्ने प्रयास गरिएको थियो ।

**ङ. कार्यक्रमको प्रोसिडिङ (Preceding)**

१) **उद्घाटन सत्रः–** उद्घाटन सत्रमा डा. शिवेषचन्द्र रेग्मी– राष्ट्रिय निर्देशक एक्सनएड नेपाल, माननीय राजेन्द्र पाण्डे – मन्त्री स्थानीय विकास मन्त्रालय, माननीय लक्षमणप्रसाद अर्याल– पूर्व न्यायाधीश सर्वोच्च अदालत, सम्माननीय सभामुख सुवास नेम्वाङ – प्रतिनिधिसभा र वरिष्ट मानवअधिकारवादी नूतन थपलिया– सभापति फोरिडले मन्तव्य व्यक्त गर्नुभएको थियो । *(संक्षिप्त मन्तव्यका लागि अनुसूची १ हेर्नुहोस्)*

**२. दोस्रो सत्रः– समानान्तर कार्यशाला**

**२.१. द्वन्द्व पीडितहरुको प्रमाणीकरण :**

यस समानान्तर कार्यशालाको संयोजन विष्णु भुसाल, (आइसिपिडी) ले गर्नुभएको थियो । अधिवक्ता पुण्यप्रसाद खतिवडाद्वारा “द्वन्द्व पीडितको प्रमाणीकरणः आवश्यकता, चुनौति र उपाय” विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो । *(कार्यपत्रका लागि अनुसूची २ हेर्नुहोस्)* यस समानान्तर कार्यशालामा विभिन्न क्षेत्रका २८ जना व्यक्तित्वहरुको सहभागिता रहेको थियो । *(सहभागिको नामावली र संक्षिप्त भनाइका लागि अनुसूचि २.१. हेर्नुहोस्)*

**समस्या र कठिनाइहरु**

- द्वन्द्वका कारण भएको शारीरिक, मानसिक एवं भौतिक क्षति ज्यादै गम्भीर रहेको छ। द्वन्द्वका क्रममा व्यापक मात्रामा भएको जन-धनको क्षतिले धेरै चर्चा पाएतापनि पीडितका बारेमा प्राप्त हुने गरेका तथ्यांकमा पूर्णता, एकरुपता र विश्वसनियताको अभाव देखिन्छ । यसले द्वन्द्व पीडितहरुको समस्याको समाधानलाई जटिल बनाएको देखिन्छ ।

- शीर्ष राजनीतिक दल, सरकारी तथा गैरसरकारी क्षेत्रबाट द्वन्द्वको प्रभावको बारेमा व्यापक अध्ययन हुनसकेको छैन । पीडितको प्रमाणीकरणको दिशामा हालसम्म स्पष्ट दृष्टिकोण र रणनीति पनि तयार हुनसकेको छैन । नत उनीहरुले द्वन्द्व पीडितको प्रमाणीकरणको सम्बन्धमा स्पष्ट प्रतिवद्धता नै व्यक्त गरेका छन् ।

- विद्यमान स्थितिमा वृहत् राजनीतिक निकासको मुद्दाले स्थान पाउँदा द्वन्द्वपीडितको व्यवस्थापनको विषय छायामा पर्न सक्ने खतरा छ । द्वन्द्व पीडित र उनीहरुको समस्याप्रति गम्भीर र संवेदनशील हुनुको सट्टा ढाकछोपको राजनीति नहोला भन्न सकिन्न ।

- द्वन्द्वपीडितको प्रमाणीकरणको मापन गर्ने विषय ज्यादै कठिन र विवादास्पद छ । द्वन्द्वको प्रत्यक्ष र अप्रत्यक्ष असर परेको स्थिति छ । प्रत्यक्ष असर निर्धारण गर्न सजिलो होला तर अप्रत्यक्ष असरको मापन केलाई कसरी मान्ने भन्ने विषय जटिल छ । त्यसैगरी, पीडितहरुको वास्तविक संख्या र पहिचान गर्नु ज्यादै कठिन र चुनौतीपूर्ण कार्य हो । त्यसैले पीडितहरुको प्रमाणीकरणको मुद्दा समयको अन्तरालमा ओझेलमा पर्ने खतरा छ । अतः यसतर्फ सचेत रही उच्चतहमा खबरदारी गर्नुपर्छ । तर नागरिक समाजले पनि यसलाई प्रभावकारी रुपमा उठाउन सकिरहेको छैन ।

सुझावहरु

- सर्वप्रथम द्वन्द्वका कारण शारीरिक एवं मानसिक रुपमा पीडित व्यक्तिहरुको प्रमाणीकरण र भौतिक क्षतिका सम्बन्धमा सत्य-तथ्य स्पष्ट हुन आवश्यक छ ।

- पीडितको प्रमाणीकरणको कार्यले पीडा/कसुरको प्रमाणको संकलनसमेत गर्नेछ । यसले न्याय प्रशासन एवं न्याय सम्पादन गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्नेछ । त्यसैले द्वन्द्वपीडितको पुनःर्स्थापना तथा क्षतिपूर्तिलगायतका आवश्यक सहयोग, मेलमिलाप वा पुनःसामाजिकीकरण, द्वन्द्वग्रस्त क्षेत्रको पुनर्निर्माण, पीडितहरुको वृहत् हित, मानवअधिकार, लोकतान्त्रिक आदर्श एवं न्यायको प्रत्याभूति तत्काल गर्नका लागि द्वन्द्वपीडितको प्रमाणीकरण र द्वन्द्वको प्रभावको मापन गर्नु अपरिहार्य छ ।

- रणनीतिक हिसाबले प्रमाणीकरण हुन सक्दैन । अतः प्रमाणीकरणका लागि व्यावहारिक अध्ययन आवश्यक पर्छ । नेपाल सरकार र राजनीतिक दलहरुको सशस्त्र द्वन्द्व पीडितको समस्यालाई उचित र मानवीय तवरबाट संवोधन गर्नुपर्छ ।

- **द्वन्द्वपीडितको प्रमाणीकरणमा मापन** : अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लंघनलाई प्रमाणीकरणको आधार बनाइनुपर्छ । यस आधारमा प्रमाणीकरण गर्दा, द्वन्द्वका कारण जीवन साथी गुमाएका (हत्या वा मृत्यु भएका), विधवा वा विदुर, अभिभावक गुमाएका बालबालिका, बेपत्ता, अपहरण वा गिरफ्तारीमा परेका, घर जलेका, भत्काइएका, ध्वस्त वा विनास भएका, सम्पत्ति जलेका, भत्काइएका, ध्वस्त वा विनास भएका, बलात्कृत, गम्भीर यातना पाएका वा अंगभंग भएका, आफ्नो जन्मथलो छाड्न बाध्य भएका, शारीरिक बिरामी, जागीर वा रोजगारी गुमेका आदिलाई मुख्य आधार बनाउन सकिन्छ ।

- द्वन्द्वपीडितको प्रमाणीकरणका लागि विभिन्न संयन्त्र तथा माध्यमहरु अपनाउन सकिन्छ । र , यसका लागि प्रभावकारी संयन्त्रको रुपमा उच्चस्तरीय र अधिकारसम्पन्न स्वतन्त्र र समावेशी प्रकारको सत्य आयोगको गठन तत्काल गर्नुपर्छ । सत्य आयोगलाई कुनै पनि हिरासत वा स्थानमा बिना कुनै पूर्वसूचना जान्न ,तलासी लिन र बयान लिन सक्ने अधिकार सम्पन्न बनाइनुपर्छ । आयोगले द्वन्द्वप्रभावित क्षेत्रका राजनीतिक दल, पीडितका प्रतिनिधि, अधिकारवादीलगायतका समुदायसँग सहयोग, समन्वय गरी व्यवस्थित रुपमा तथ्यांक संकलन र प्रमाणीकरण गर्ने कार्य गरेमा आयोगको काम जनसहभागितापूर्ण, समर्थनपूर्ण र विश्वसनीय हुनेछ । यसो गरिएमा द्वन्द्वप्रभावितको पहिचान र प्रमाणीकरण गर्दै तिनीहरुको आवश्यकताको निक्र्यौल गर्न सजिलो हुनेछ ।

- प्रमाणीकरणको मूलभूत मान्यता पीडितको पहिचान गरी आधिकारिकता प्रदान गर्नु भएतापनि यसको उद्देश्य संक्रमणकालीन न्याय उपलब्ध गराई भविष्यमा यस्ता घटना हुन नदिने स्थितिको सिर्जना गर्नु हो । यो स्थितिको प्रत्याभूतिको लागि दृढ राजनीतिक इच्छाशक्ति तथा प्रतिबद्धताको आवश्यकता पर्छ ।

- अब जारी हुने अन्तरिम संविधान संक्रमणकालीन न्याय र राजनीतिक सिद्धान्तको दस्तावेज भएकाले उक्त संविधानमा बेपत्ता नागरिकको सार्वजनिकीकरण, द्वन्द्वपीडितको प्रमाणीकरण र तिनीहरुलाई प्रदान गरिने न्यायिक प्रक्रियाका सम्बन्धमा स्पष्टरुपमा उल्लेख गर्नुपर्छ ।
- प्रमाणीकरणका विधि, पद्धति र प्रक्रिया स्पष्ट हुनेगरी प्रभावकारी कानुनको तर्जुमा गरी तत्काल जारी गरिनुपर्छ ।
- सत्य आयोगको (Truth Commssion) को सिफारिसबमोजिम पीडितलाई न्याय र दोषीउपर कारबाही गर्न सक्षम न्यायिक (विशेष अदालत/इजलास) को व्यवस्था गरिनुपर्छ ।
- द्वन्द्वपीडितको प्रमाणीकरण र सत्य आयोगका सम्बन्धमा नागरिक समाज एवं मानवअधिकारवादी गैरसरकारी संस्थाहरुले व्यापक छलफलको विषय बनाउनुपर्छ । र उनीहरुले यस सम्बन्धमा निगरानीकर्ता वा खबरदारीको भूमिका निर्वाह गर्न सक्नुपर्छ ।
- प्रमाणीकरणका लागि सबै राजनीतिक दल, नागरिक समाज र पीडितबीच परस्परमा सहयोग र समन्वयको आवश्यकता पर्छ ।
- पीडित र पीडकबीचको दूरी न्यूनीकरण गर्नेतर्फ छलफल सुरु गरिनुपर्छ ।
- पीडितको पहिचान प्रक्रिया प्रभावकारी भएन भने समस्या समाधान हुन सक्दैन । त्यसैले पहिचानका लागि पहिचानकर्ताहरुले समुदाय स्तरसम्मै पहुँच स्थापना गर्नुपर्छ । पीडितको पहिचानपछि गम्भीरताका आधारमा तिनको वर्गीकरण गरी आवश्यकताको आधारमा राहत वा न्यायका लागि सिफारिस गर्नुपर्छ । गैरसरकारी संस्थाले मानवीयलगायत सचेतनाका लागि कार्यक्रम सञ्चालन गर्ने र प्रमाणीकरणका लागि सहजकर्ताको भूमिका खेल्नुपर्छ ।
- नेपालमा सत्य आयोग स्थापनाका सम्बन्धमा राष्ट्रसंघको सहयोग लिनुपर्छ ।
- जिल्लाका सरकारी निकाय, राजनैतिक दलसहित माओवादी तथा नागरिक समाजलाई परिचालन गरी प्रमाणीकरण गर्न सकिनेछ र त्यसको अनुगमन युनिटका रुपमा पत्रकार तथा अधिकार कार्यकर्ताहरुले योगदान पुऱ्याउनुपर्छ ।

## २.२. द्वन्द्व पीडितहरुको न्यायमाथि पहुँच र प्रत्याभूति

यस समानान्तर कार्यशालाको संयोजक प्रदीप पोखरेल– अध्यक्ष, हुडेप रहनुभएको थियो । राजकुमार सिवाकोटी– महासचिव, फोरिडद्वारा “द्वन्द्व पीडितहरुको न्यायमाथि पहुँच र संक्रमणकाल : छलफल पत्र” विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो । *(कार्यपत्रका लागि अनुसूची ३ हेर्नुहोस्)* । यस समानान्तर कार्यशालमा १७ जनाको सहभागिता रहेको थियो । *(सहभागिहरुको नामावली र संक्षिप्त भनाइका लागि अनुसूची ३.१ मा हेर्नुहोस्)*

### समस्या र कठिनाइहरु

- संक्रमणकालीन न्यायका साथै द्वन्द्व पीडितहरुको व्यवस्थापन, दीगो शान्ति र समावेशी लोकतन्त्रको सवलीकरण हालको प्रमुख एजेण्डा हो । हामी प्रजातन्त्र र शान्तिको पुनर्स्थापना वा त्यसतर्फको संक्रमणको स्थितिमा छौं । संक्रमणका साथसाथै हामीले विगतको द्वन्द्वबाट भएका पीडितहरुको प्रमाणीकरण, तिनको न्यायमाथि पहुँच र संक्रमणकालीन न्यायका मुद्दाहरुलाई प्रमुख प्राथमिकताका साथ संबोधन गर्नुपर्ने हुन्छ । विगतमा द्वन्द्वले पुऱ्याएको पीडा र अन्यायलाई न्याय प्रक्रियाभित्र ल्याउनु अहिले प्रमुख चुनौति हो । यद्यपि, युद्धले क्षतविक्षत भएको समाजलाई सहयोग गर्नु, कानुनी राज्यको पुनर्स्थापना गर्नु र विगतमा ठूलामात्रामा भएका अत्याचारहरुसँगै पहिलाकै अवस्थामा आउनु कठिन कार्य हो ।

- माओवादी जनयुद्धका कारण घट्दो सुरक्षा र त्रसित तथा विभाजित जनसंख्याका र पीडितहरुको अवस्था डरलाग्दो छ । यस्तो संक्रमणको स्थितिलाई संवोधन गर्नका लागि धेरै कुराहरुको अभावहरुप्रति ध्यान पु¥याउनु आवश्यक छ । निश्चय नै संक्रमणकालमा सुधारका लागि राजनीतिक इच्छाको अभाव, न्याय क्षेत्रमा संस्थागत स्वाधिनताको अभाव, घरेलु प्राविधिक क्षमताको अभाव, साधन एवं आर्थिक स्रोतहरुको अभाव, सरकारमा जनविश्वासको अभाव, मानवअधिकारप्रति विधिवत सम्मानको अभाव, र अझ सामान्यरुपमा भन्दा शान्ति तथा सुरक्षाको अभाव रहेको छ ।

- पीडितका अधिकारहरुको कार्यान्वयन र प्रत्याभूति हुन सकेको छैन । समान र प्रभावकारी न्यायमा पहुँच छैन । नत पुगेको क्षतिको पर्याप्त, प्रभावकारी र शीघ्र शोधभर्नाका कार्यक्रमहरु नै तर्जुमा गरिएका छन् । अर्कोतर्फ राष्ट्रिय तहमा उल्लंघन र क्षतिपूर्ति तथा शोधभर्नाका सम्बन्धमा चासो राख्ने संयन्त्रहरु स्थापनाका लागि छलफल गर्न पनि सकिएको छैन ।

- द्वन्द्व पीडितहरुको न्यायमाथि पहुँचका लागि दण्डहीनताको सँस्कृति वाधक छ । द्वन्द्व पीडितहरुलाई न्यायमा पहुँच पु¥याउनका लागि कति समयावधिका पीडितलाई द्वन्द्व पीडित मान्ने भन्ने चुनौति हाम्रो सामु छ । पीडितले पाउने क्षतिपूर्तिको रकम भन्दा क्षतिपूर्ति पाउनका लागि अवलम्बन गर्नुपर्ने प्रक्रिया महंगो र ढीलो छ ।

- पीडितका न्यायका लागि कार्यान्वयन पक्ष कमजोर देखिन्छ । द्वन्द्व पीडितहरुको न्यायमाथि पहुँचका लागि विद्यमान अदालती प्रणाली प्रयाप्त हुन सक्दैन । नेपालमा अपराध अनुसन्धान प्रणाली कमजोर रहेको छ । राजनीतिक दबाबका कारण कतिपय जाहेरी दरखास्तहरु दर्ता हुन र अघि बढ्न सक्दैनन् ।

- काठमाडौंमा मात्र ३३ हजार माओवादी पीडित रहेका छन् । राजनैतिक स्वार्थका कारण द्वन्द्व पीडितको मुद्दा छायाँमा पर्ने सम्भावना तीव्र छ । राजनैतिक कारण देखाएर यसलाई वेवास्ता गर्न सकिन्छ । विभिन्न बहानामा समस्याबाट उम्कने प्रवृत्ति व्याप्त छ । पीडकहरु अबको राजनीतिक मञ्चमा प्रयोग हुनसक्ने खतरा पनि रहेको छ ।

**सुझावहरु**

- जवाफदेहीताको अनुसरण, सत्यखोज तथा सोधभर्ना (Reparation) शान्ति कायम, लोकतन्त्र र कानुनी राज्यको निर्माणलगायतका लक्ष्यहरुबीच सन्तुलन कायम राख्न अपरिहार्य छ । यसका लागि आम साझेदारहरुबीच साझा दृष्टिकोणको आवश्यकता पर्छ । राजनैतिक प्रतिवद्धताविना यी सबै कार्यहरु संभव हुँदैनन् । त्यसैले एउटा वृहत् राजनैतिक रणनीति बनाएर द्वन्द्वबाट अति प्रभावित समूहहरुको हेरविचार गर्नुपर्छ । पीडितहरुको संरक्षण एवं समस्याहरु निवारण गर्नका लागि विशेष उपायहरु अवलम्बन गर्नुपर्छ । वर्तमान नेपालको सन्दर्भमा न्यायमाथिको पहुँचलाई सुनिश्चित गर्न राज्यले तत्काल निम्न कदमहरु चाल्नुपर्छ ।

क) अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लंघनबाट पीडित भएका व्यक्तिहरुका लागि उपलब्ध भएका सम्पूर्ण उपचारहरुका बारेमा सार्वजनिक तथा निजी सूचनाका स्रोतहरुमार्फत जानकारी प्रदान गर्नुपर्छ,

ख) पीडित, तिनका परिवार र प्रतिनिधिहरुलाई पर्ने असुविधा कम गर्दै, डर तथा भयरहित अवस्थामा न्यायिक सुनुवाईहरु सञ्चालन गर्ने प्रवन्ध मिलाउनुपर्छ । सुनुवाईको अवधी र त्यसपश्चात समेत उनीहरुको सुरक्षाको सुनिश्चिता हुनुपर्छ । र उपयुक्तरुपमा उनीहरुको गोपनियतामाथि गैरकानुनी हस्तक्षेपका विरुद्ध संरक्षण दिलाउने उपायहरु अपनाउनुपर्छ ।

ग) न्यायमा पहुँच खोज्ने पीडितहरुलाई उचित सहायता उपलब्ध गराउनुपर्छ ।

घ) अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लंघनबाट पीडित भएकाहरुले यसका विरुद्ध उपचारका अधिकारहरुको अभ्यास गर्नसक्ने वातावरणको सुनिश्चित गर्न सबै उपयुक्त कानुनी अवसर उपलब्ध गराउनुपर्छ ।

ङ) सत्य निरुपरण आयोगको अविलम्ब गठन, द्वन्द्व पीडितहरुको मुद्दा हेर्ने विशेष अदालतको गठन र दण्डहीनता उन्मूलन गर्ने तथा मानवअधिकार उल्लंघन अपराधलाई नियन्त्रण गर्ने प्रभावकारी कानुनको तर्जुमा र कार्यान्वयन तुरुन्त गर्नुपर्छ ।

(च) राज्यले पीडितहरुका लागि क्षतिपूर्ति तथा शोधभर्नाका दावीहरु प्रस्तुत गर्न र सोको प्राप्तिका लागि अनुमति दिने संयन्त्र एवं कार्यविधिको विकास गर्नुपर्छ । राज्यले अन्तराष्ट्रिय मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लंघनहरुमा पर्याप्त, प्रभावकारी, शीघ्र उपचार र व्यक्तिको कानुनी हकदैयाको प्रत्याभूति गर्नुपर्छ । घरेलु उपचारका प्रावधानहरु पूर्वाग्रही हुनु हुँदैन

- मानवअधिकार अपराधमा संलग्न राज्य तथा गैर राज्यपक्षका दोषीहरुलाई अभियोग लगाउने, पुर्पक्ष गर्ने र दण्डीत गर्ने सुनिश्चितता दिलाउनुपर्छ । छानविन एवं मुद्दा चलाउने निर्णय राज्यमा निहितरहे तापनि पीडित नागरिकले वा तिनका परिवार र उत्तराधिकारीले व्यक्तिगतरुपमा पनि मुद्दा चलाउन पाउनुपर्छ ।

- द्वन्द्व पीडितहरुलाई उचित सोधभर्ना, क्षतिपूर्ति उपलब्ध गराइनुपर्छ । यसका लागि राज्यले पीडितलाई शोध भर्ना र अन्य सहयोगका लागि राष्ट्रिय कार्यक्रमहरुको स्थापना गर्नुपर्छ । क्षतिपूर्ति तथा शोधभर्नाका लागि न्यायिक कदमहरु सञ्चालन गर्नुपर्छ ।

- **‘पुनर्प्राप्ति’**को प्रत्याभूति हुनुपर्छ । स्वतन्त्रताको पुनर्प्राप्ती, मानवअधिकारको उपयोग, पहिचान, पारिवारिक जीवन, निजकै वासस्थान भएको ठाउँमा फिर्ता, रोजगारीको पुनर्स्थापना र सम्पत्ति फिर्ता आदि कार्यलाई प्याकेजका रुपमा सम्वोधन गर्नुपर्छ ।

- आर्थिकरुपमा मूल्यांकन गर्न सकिने क्षति जुन अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लंघनहरुबाट भएको हुन्छ । त्यस्ता घटनाको परिस्थिति र उल्लंघनको गाम्भिर्यताको सामानुपातिक हुने गरी र उपयुक्त किसिमले क्षतिपूर्ति उपलब्ध गराइनुपर्छ । त्यस्ता क्षतिपूर्तिहरु हुन्- शारीरिक वा मानसिक क्षति, रोजगारी, शिक्षा तथा सामाजिक लाभ लगायतका गुमेका अवसरहरु, गुजाराको भौतिक श्रोतमा क्षति, नैतिक क्षति र कानुनी वा विशेषज्ञको सहयोग, औषधि उपचार सेवाहरु र मनोवैज्ञानिक एवं सामाजिक सेवाहरुका लागि लागेको लागत ।

- **‘सन्तुष्टी’** मानवअधिकार उल्लंघन पुनः नदोहोरिने र विगतका घटनाको सत्यतथ्यको सार्वजनीकरण सन्तुष्टिको प्रस्थान विन्दु हो । जहाँ वेपत्ता पारिएकाहरुको खोजी, अपहरित बालबालिकाको पहिचान, मारिएकाहरुको शव प्राप्ति र अन्त्यष्टी गर्ने पीडित परिवारको इच्छा आदि कार्यहरु सन्तुष्टी दिलाउने आधार हुन् । यसका अतिरिक्त, पीडित तथा पीडितसँग निकट सम्बन्ध राख्ने व्यक्तिहरुको प्रतिष्ठा, इज्जत र अधिकारहरु पुनर्स्थापना भएको औपचारिक घोषणा वा न्यायिक निर्णय, तथ्यहरुको स्वीकारोक्ति एवं उत्तरदायित्व लिने सहितको सार्वजनिक क्षमायाचना, उल्लंघनहरुमा उत्तरदायी व्यक्तिहरुका विरुद्ध न्यायिक तथा प्रशासकीय सजायजस्ता कार्य सन्तुष्टीका लागि चालिने कदम हुन् । र, यिनको सरकारले पूर्ण प्रत्याभूति र कार्यान्वयन गर्नुपर्छ ।

- **‘फेरि नदोहोरिने प्रत्याभूति’** न्यायलयको सवलीकरण, कानुनहरुको संसोधन, प्रभावकारी संयन्त्रहरुको स्थापनालगायत उचित प्रकृया, न्यायपूर्ण र निष्पक्षताका अन्तर्राष्ट्रिय मापदण्डअनुरुप सम्पूर्ण नागरिकका मानवअधिकारको प्रत्याभूति दिलाउने बाचाद्वारा फेरि मानवअधिकार उल्लंघन नदोहोरिने प्रत्याभूति दिलाउनुपर्छ ।

- राज्यले पीडितलाई शोधभर्ना उपलब्ध गराउने कार्यक्रमहरुका लागि सत्य आयोगको (Truth Commission) गठन गर्नुपर्छ । र, द्वन्द्वमा परेका पीडित र पीडकहरुलाई विशेष किसिमले न्याय प्रक्रियाभित्र ल्याउनुपर्ने हुँदा विशेष अदालतको तथा ट्रिवुनाल गठन गरिनुपर्छ ।

- कानुनी राज्य तथा संक्रमणकालीन न्यायको व्यवस्थापनका लागि सबै साझेदारहरुबीच एकीकृत, परिपूरक र साझा दृष्टिकोणको आवश्यकता पर्छ । यस्ता दृष्टिकोणहरुलाई राज्य तथा विद्रोही दुबै पक्षले इमान्दारीका साथ अवलम्बन र कार्यान्वयन गर्नुपर्छ । यसले संक्रमणकालमा हुने कानुनी राज्यको शून्यताको अन्त्य गर्दछ । जसले गर्दा प्रभावकारीरुपमा राष्ट्रिय न्याय प्रणालीको विकास हुन्छ । र संक्रमणकालीन न्याय सहज र सरल हुन्छ ।

- विगत ११ वर्षसम्म सञ्चालित द्वन्द्वका कारण पीडित भएकाहरुलाई न्यायको प्रत्याभूति दिलाउन राष्ट्रिय नीति एवं विशेष ऐनको तर्जुमा गरिनुपर्छ । त्यस्ता नीतिहरुले पीडितहरुको जीविका, क्षतिपूर्ति, शोधभर्ना, पुनःर्स्थापनलगायतका विषयवस्तुलाई स्पष्टरुपमा सम्वोधन गर्न सक्नुपर्छ ।

- द्वन्द्वको समयमा पुग्न गएको मानवीय तथा भौतिक क्षतिको सत्यतथ्य उजागर, प्रमाणिकरण र पहिचान गरिनुपर्छ । द्वन्द्वको वहानामा सरकारी तथा विद्रोही पक्षबाट मानवअधिकार उल्लंघन तथा मानवता विरुद्ध अपराधमा संलग्न व्यक्ति तथा पीडकहरु को थिए भन्ने कुराको पहिचान गरिनुपर्छ ।

- विगतमा भएका मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लंघनका अपराधीहरुलाई भूतप्रभावी असर हुने कानुनहरु बनाएर कार्वाही चलाइएका दृष्टान्तहरु छन् । जस्तो पिनोचे, स्लोभोदान मिलेसोभिच र चार्ल्स टेलरका मुद्दाहरु । अतः भूतप्रभावी कानुन बनाउनुपर्छ । द्वन्द्व पीडितहरुको न्यायमा पहुँच पुर्‍याउनका लागि पीडितका हकमा दक्षिण अफ्रिकामा भएको प्रयास र अनुभवलाई पनि नेपालको परिप्रेक्षमा अनुसरण गर्न सकिन्छ । २०४७ सालदेखि माओवादी जनयुद्ध सुरु हुनुभन्दा अघिको समय अर्थात ०५२ साल भन्दा अघिको समय एक चरण, ०५२-०५९ असोज १८ सम्मको दोस्रो चरण, ०५९ असोज १८-०६१ माघ १९ सम्मका गम्भीर मानवअधिकार उल्लंघनहरुको छानविन गरी मल्लीक आयोग र रायमाझी आयोगलाई समेत समेटेर तथ्य छानविनका लागि ट्रूथ कमिसन गठन गर्नुपर्छ । साथै दीर्घकालीनरुपमा न्यायमाथि पहुँच स्थापना गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान १९९८ अनुमोदनका लागि अभियान सञ्चालन गर्नुपर्छ ।

- गै.स.सले पीडितको प्रतिनिधित्व गर्नसक्ने व्यवस्था गरिनुपर्छ ।

- सर्वप्रथम द्वन्द्व पीडितहरुको परिभाषा गरिनुपर्छ । प्रस्तावित अन्तरिम संविधानमा सत्य आयोग र क्षतिपूर्ति तथा मेलमिलाप आयोगको गठन गरिने व्यवस्था रहेको छ । जुन दक्षिण अफ्रिकी मोडलको देखिन्छ । यी आयोगहरु अन्तरिम संविधान र संविधानसभाप्रति उत्तरदायी हुने बनाइनुपर्छ । क्षतिपूर्ति र मेलमिलाप आयोगको कार्य दण्डदिने (Retributive) हिसावले नभई सुधारात्मक (Reformative) ढाँचामा सञ्चालित हुनुपर्छ  ताकि उल्लंघनकारी फेरि द्वन्द्वमा नफर्कियोस् । राजनीतिक सहमतिका रुपमा अघि बढेको अवस्थामा न्याय सुधारात्मक विधिमा जानुपर्छ । पीडित र पीडकका बीच सन्तुलन कायम गर्नुपर्छ र पीडितको पहिचान गर्दा समुदायको दृष्टिकोणबाट हेरिनुपर्छ । पीडितहरुको न्यायका लागि पीडितको माग के हो ? त्यसको विषयमा अध्ययन हुनुपर्ने र व्यवहारिक सुझावहरु दिइनुपर्छ । द्वन्द्व पीडितहरुलाई न्याय प्रदान गर्दा कति समयभित्र कार्यसञ्चालन गरिसक्ने हो त्यसको समयावधि तोकिनुपर्छ ।

- सत्य आयोग गठन गर्न गैरसरकारी संस्थाले लविङ्ग गर्नुपर्छ । पीडितहरुको न्यायका लागि पीडितहरुलाई नै संलग्न गरी अध्ययन अघि बढाउनुपर्छ । गम्भीर मानवअधिकार र मानवीय कानुनको उल्लंघनमा संलग्न मानवअधिकारका अपराधीहरुलाई न्यायसामु ल्याउन अपराधको परिभाषा गरी निश्चित समयावधिभित्र घटेका मानवअधिकार उल्लंघनको घटनाहरुमा कार्वाही चलाउन भूतप्रभावी असर पार्ने कानुन निर्माण गरी तदर्थ ट्रिवुनाल गठन गरेर भएपनि कार्वाही चलाइनुपर्छ ।

**२.३. द्वन्द्व पीडितहरुको जीविकामाथि पहुँच र प्रत्याभूति**

यस समानान्तर कार्यशालाको संयोजन डा. केशव खड्काले गर्नुभएको थियो । यस कार्यशालामा अधिवक्ता वीरेन्द्रप्रसाद थपलियाद्वारा “द्वन्द्व पीडितहरुको जीविकामाथि पहुँच : अवधारणा पत्र” र अधिवक्ता जयप्रसाद पौडेलद्वारा “द्वन्द्व पीडित महिलाहरुको जीविका र न्यायमाथि पहुँच” विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो । *(दुबै कार्यपत्रका लागि अनुसूची ४ हेर्नुहोस्)* सो समानान्तर कार्यशालामा २९ जना सहभागिहरु रहनुभएको थियो । *(सहभागिको नामावली र संक्षिप्त भनाइका लागि अनुसूचि ४.१. हेर्नुहोस्)*

**समस्या र कठिनाइहरु**

- माओवादी विद्रोहका कारण नेपालको आर्थिक, राजनैतिक तथा सामाजिक अवस्था अन्त्यन्तै नाजुक स्थितिमा पुग्यो । विद्रोह सुरु भएयता मुलुकले अपुरणीय रुपमा मानवीय तथा भौतिक क्षतिलाई सामना गर्नुपऱ्यो । द्वन्द्वको मार सबैभन्दा बढी ग्रामीण क्षेत्रमा पऱ्यो । द्वन्द्वका कारण लाखौं नागरिकहरुको जीविकाको स्रोत हरण भयो । परिवारका सदस्यहरु गुमाउनदेखि लिएर सम्पत्ति एवं रोजगारीको आधार तहसनहस भए । द्वन्द्वबाट कति मानिस जीविकाविहीन भए भन्ने अनुमान गर्न गाऱ्हो छ । त्यसैगरी द्वन्द्वबाट अत्याधिक मात्रामा पीडित भएका समूह तथा व्यक्तिहरुको यकिन तथ्याङ्क पनि छैन ।

- द्वन्द्वले राज्यको आर्थिक क्षमता, उत्पादन क्षमता, सामाजिक सुरक्षा र विकासका पूर्वाधारमा संकट निम्त्यायो । व्यापार, वाणिज्य, लगानी र शैक्षिक क्षेत्रमा नकारात्मक असर पाऱ्यो । विस्थापनका कारण पूँजीमा पलायन र सार्वजनिक लगानीमा दिनप्रतिदिन ऱ्हास आउने क्रम बढ्यो । राज्यले विकास र सामाजिक सुरक्षाको खर्च कटौती गरी युद्ध सामग्रीमा लगानी गऱ्यो । गुजाराका स्रोतहरु ध्वस्त भए । जसले आम नेपाली नागरिकलाई प्रत्यक्ष प्रभाव पाऱ्यो । त्यसमा पनि द्वन्द्व पीडितहरुको गुजाराको स्रोत र जीविका अत्यन्त जोखिममा परेको छ । यस्तो स्थितिमा द्वन्द्व पीडितको व्यवस्थापन र जीविकाको पुर्नस्थापना अहिलेको हाम्रो प्रमुख मुद्दा हो ।

- सामान्यतया जीविका भन्नाले घर चलाउनु हो । तर, द्वन्द्व पीडितहरु आफ्नो घर चलाउनसक्ने स्थितिमा नै छैनन् । द्वन्द्वका कारण जीविका जोखिममा परेका समूहको स्थिति संकटग्रस्त छ । खासगरी आदिवासी, जनजाति र दलितहरुको जीविकाको अवस्था अत्यन्तै दयनीय स्थितिमा पुगेको छ । माओवादी क्रियाकलापका कारण हुनेखाने क्षेत्री, वाहुन र ठकुरीहरुको पनि जीविका जोखिममा परेको छ । स्थानीय तहका धेरै राजनैतिक कार्यकर्ताहरुको उठिवास भएको छ । यो एउटा समग्र दृष्टान्त मात्र हो । वास्तविकताको गहिराइ यो भन्दा धेरै तलसम्म छ । किनभने द्वन्द्वको प्रत्यक्ष प्रभाव लगभग ४० प्रतिशत मानिसहरुमा परेको अनुमान गरिएको छ । द्वन्द्वको प्रत्यक्ष प्रभाव महिला, बालबालिका, ग्रामिण क्षेत्रका सर्वसाधारण, दलित तथा जनजाति, शिक्षक र विद्यार्थीहरुमा बढी पऱ्यो । र, अधिकांश यसै समूहका मानिसहरु विस्थापनमा परे । उनीहरुको जीविकाको स्रोतमाथि पहुँचको स्थिति शून्य छ ।

- जीविकाको स्रोतमाथि भएको क्षति भन्दा बढी पीडितहरुमा रहेको आत्महिनता भावको क्षति भयावह छ । त्यसैगरी जीविकाको असुरक्षा चुनौतिपूर्ण छ । द्वन्द्व प्रभावको तथ्याङ्क राष्ट्रिय-अन्तर्राष्ट्रिय दुबै स्तरमा छैन । ७/८ लाखभन्दा बढी द्वन्द्व पीडितहरु छन् । आर्थिक घाटालाई

तथ्याङ्कबाट देखाउँदा जति ठूलो घाटा होला त्यो भन्दा बढी मानवीय क्षति छ । आर्थिक क्षतिभन्दा बढी राजनैतिक र मनोवैज्ञानिक क्षति भएको छ । पीडित व्यक्तिहरु भय र त्रासका कारण अहिले पनि आफ्नो पीडा व्यक्त गर्न सक्दैनन् । द्वन्द्व पीडितहरुमध्ये धेरै मानिसहरु मानसिक रोगी भएका छन् ।

- द्वन्द्वका पीडितहरुलाई संबोधन गर्न सकिएन भने द्वन्द्वको वास्तविक रुपान्तरण र शान्ति स्थापना हुन सक्दैन । द्वन्द्वले जीविकालाई असर पार्छ । जीविका आर्थिक वृद्धिदरमा निर्भर रहन्छ । हाम्रो छिमेकी राष्ट्र चीनको आर्थिक वृद्धिदर १०% र भारतमा ८% रहेको छ । तर नेपालमा २ % मात्र आर्थिक वृद्धिदर रहेको छ । हाम्रो आर्थिक वृद्धिदर किन कम ? अतः द्वन्द्वसँग आर्थिक वृद्धिदरको तुलना गर्नुपर्छ । द्वन्द्वपछि शान्ति प्रक्रियामा आर्थिक वृद्धिदरलाई राम्रोसँग संबोधन गर्न सकिएन भने पुनः अर्को द्वन्द्व सुरु हुन्छ ।

- विद्रोहको नाममा अपराधीहरु व्यापकरुपमा बढेका छन् । त्यस्ता अपराधीहरुले राज्यको पुनर्स्थापनामा सुविधा प्राप्त गर्नसक्ने प्रवल सम्भावना रहेको छ । यसो भयो भने अपराधिक क्रियाकलापहरु प्रोत्साहित हुन्छन् ।

**सुझावहरु**

- द्वन्द्व पीडितहरुको जीविका सार्थक हुनका लागि उनीहरुमा रहेको तनाव र आघातलाई व्यवस्थापन गरिनुपर्छ । भएको क्षतिलाई पुरताल गरिनुपर्छ । पीडित परिवारका सदस्यलाई जीविकाका अवसरहरु उपलब्ध गराउनुपर्छ । पीडितहरुको हकमा जीविकाको अवसर भन्दा आय-आर्जन मात्र होइन । उनीहरुको पीडाको व्यवस्थापन पनि हो । त्यसैगरी न्यायमाथिको पहुँच र सत्य निरोपणका साथै पीडकहरुलाई न्याय प्रक्रियाभित्र ल्याउने कुरा पनि जीविकासँग जोडिएका हुन्छन् । त्यसैले पीडितहरुको जीविकालाई दीगो बनाउन नागरिकका रुपमा आफ्नो अधिकार छ भन्ने महसुस र व्यक्त गर्न सक्ने वातावरण हुनुपर्छ । जीविकाका लागि स्रोतमा पहुँच र नियन्त्रण प्रमुख आधार हो । त्यसैले राज्यले द्वन्द्व पीडितहरुको हकमा जीविका सम्बन्धी निम्न विशिष्ट अधिकारहरुलाई प्रत्याभूति दिलाउनुपर्छ ।

  क) खाना, आवास, लुगा, जीविका लगायत उत्कृष्ट जीवन पद्धतिमा पहुँच,
  ख) सामाजिक, आर्थिक र साँस्कृतिक विकासमा स्वनिर्णयको अधिकार,
  ग) प्राकृतिक सम्पदाको स्वामित्व र तीनको विकासमा पहुँच,
  घ) काममा रोजगारीका निम्ति पुरुष तथा महिलालाई छनौटका निम्ति सक्षम बनाउनु ।

- विगत ११ वर्षसम्म सञ्चालित सशस्त्र द्वन्द्वले के कति मानिसलाई प्रत्यक्ष प्रभाव पार्‍यो भन्ने कुराको लेखाजोखा गरिनुपर्छ । वेपत्ता पारिएकाहरुको खोजी गरिनुपर्छ । विस्थापितहरुको यथार्थ विवरण संकलन गरिनुपर्छ । द्वन्द्वले पुर्‍याएको मानवीय तथा भौतिक क्षति र मानवताविरुद्धका अपराधहरुको सत्य तथ्यको उजागर हुनुपर्छ । यसका लागि सत्य आयोगको गठन तत्कालै गरी प्रमाणीकरणको कायक्रमलाई अगाडि बढाइनुपर्छ ।

- पुनःर्स्थापनाको कार्य द्वन्द्व पीडितहरुलाई सोही स्थानमा घर फर्कने र द्वन्द्वपूर्वको सामाजिक संस्थापनामा संलग्न हुने वातावरण सृजना गर्नेबाट सुरु हुन्छ । यसको लागि सम्बद्ध द्वन्द्वरत पक्षहरु (माओवादी संलग्न सरकारी कार्यक्रम)बीचको सामुहिक प्रयासबाट घर फर्केकाहरुको विश्वसनियता र आत्मसम्मानको अवस्था प्रत्याभूत हुनुपर्दछ । यसका साथै द्वन्द्वका बेला अपहृत स्रोत साधनको निर्वाध परिचालनको अवस्था, सामाजिक सुरक्षा र ती स्रोत साधनबाट जीविकोपार्जनको लागि आय आर्जन नभएसम्म जीवननिर्वाहको व्यवस्थापन पनि उत्तिकै जरुरी हुन्छ । अझ चर्को समस्या स्रोत साधनविहीन र द्वन्द्वका कारण परिवारविहीनतामा रहेको

पीडितहरुको व्यवस्थापनसँग सम्बन्धित छ । त्यसैले यी चुनौतिका लागि विशिष्ठ कार्यक्रमहरुको माध्यमबाट लक्षित समूहसम्म पुग्न ठोस कार्ययोजनाको अविलम्व तर्जुमा गरिनुपर्छ ।

- द्वन्द्वका कारण पीडित तथा विस्थापित भएकाहरुको जीविकाको सुनिश्चितताका लागि सरकारले विषेश कार्यक्रम तथा नीतिहरुको तर्जुमा गर्नुपर्छ । विस्थापितहरुका लागि घर फर्कने सहज वातावरण तयार हुनुपर्छ । यसका लागि माओवादीहरुले पनि लचिलो नीति र उदार व्यवहार देखाउनुपर्छ । विस्थापित भएका व्यक्तिहरुलाई आ-आफ्नो घर फर्किएर सम्मानपूर्वक पुनर्स्थापित हुने कार्यमा सहयोग पुऱ्याउने कार्यक्रमहरु अघि बढाइनुपर्छ । सरकारले द्वन्द्व पीडितहरुकै लागि आयआर्जन, रोजगारी, लघु वित्तीय ऋण प्रवाह, शीप विकासजस्ता कार्यक्रमहरुको तर्जुमा गरी छिटो भन्दा छिटो लागू गर्नुपर्छ । स्वास्थ्य तथा परामर्श सेवा सुरु गर्नुपर्छ । द्वन्द्वका कारण घाइते भएकाहरुको खोजी गरी उपचारको प्रवन्ध मिलाउनुपर्छ । डर, त्रासबाट मुक्त भइ पीडितहरुले आफ्ना अधिकारहरुको दावी र व्यक्त गर्नसक्ने वातावरणको सिर्जना गरिनुपर्छ ।

- पीडितहरुलाई पीडितको दृष्टिकोणबाट संवोधन गर्नुपर्छ । पीडितहरुको अधिकारको संरक्षण र संवर्द्धनका लागि एउटा छुट्टै विशेष कानुनको तर्जुमा गरिनुपर्छ । जसले सशस्त्र द्वन्द्वका कारण जीविका गुमाउन वाध्य भएकाहरुलाई जीविका सम्बन्धी न्याय दिलाउन सकोस् । यस्तो कानुनले दण्डहीनता र विगतमा भएको मानअधिकार उल्लंघन अपराधका कारण पीडित बनेका परिवारहरुलाई संवोधन गर्नुपर्छ । जसले न्यायलाई सुनिश्चित गर्छ ।

- कुनै पनि समस्याको समाधान गर्दा त्यसको सकारात्मक पक्षलाई उपयोग गर्दै अग्रगामी विकासको सुरुवात गर्नु औचित्यपूर्ण हुन्छ । नेपालमा द्वन्द्व पीडितहरुको पुनःर्स्थापना गर्न अवसरलाई आधुनिकीकरण गर्ने प्रयासको सुरुवातका रुपमा उपयोग गर्न सकिन्छ । पुनःस्थापित व्यक्ति, परिवार वा समूह पुरानै कृषि पेशा (वेरोजगारी र अर्धवेरोजगारी पेशा) मा फर्कनु भन्दा आधुनिक सीपयुक्त आयआर्जनका स्रोतहरु पहिचान गर्ने र त्यसतर्फ फड्को मार्नु उपयुक्त हुनेछ । पुरानो उत्पादन प्रक्रियालाई परिवर्तन गर्दै मूल्य अभिवृद्धि गर्ने संरचनाको समाजमा स्थापना गनुपर्छ ।

- द्वन्द्वले ल्याएको असुरक्षाको भावलाई सम्बोधन गर्न आवश्यक छ । हरेकको अधिकारको सवाललाई सम्बोधन गर्नसकेमात्र द्वन्द्व स्थायी समाधान हुन्छ । सरकारी नीतिहरु भन्दा पीडितहरुको कार्यक्षमताको विकास, जानेका कुराहरुलाई आधुनिकीकरण गर्नुपर्छ र सरकारले सुरक्षाको भाव जगाउनुपर्छ ।

- पुनःर्स्थापनाको सवालमा दैनिक जीविका चलाउने, बाँच्नको लागि आधारभूत कुराहरु तत्कालै व्यवस्था गरी जीविकाको सवाललाई ग्यारेन्टी गरिनुपर्छ र सम्पूर्ण पीडितहरुको बाँच्ने अधिकारको ग्यारेन्टी गरिनुपर्छ । पीडितहरुको संलग्नतामा दीर्घकालीन नीति बनाई लागू गरिनुपर्छ ।

- माओवादी नेता तथा कार्यकर्ताहरुले पीडितहरुसँग भेटी, अर्न्तक्रिया गरी माफी माग्दै मेलमिलापको वातावरण सिर्जना गर्नुपर्छ । अब नेपालमा यो पीडित संघ, त्यो पीडित संघ होइन कि द्वन्द्व पीडितहरुको सिंगो मुद्दालाई उठाइनुपर्छ र सर्वपक्षीय/सर्वदलीय समितिहरु बनाइ पुनःर्स्थापनाका लागि जानुपर्छ ।

- द्वन्द्व पीडितहरुको व्यवस्थापनको लागि भएका अन्तर्राष्ट्रिय अनुभवहरुलाई पनि मनन गर्नुपर्छ । सरकारी क्षेत्रहरुको भूमिका किटेर नै आउनुपर्छ । कस्तो संयन्त्र निर्माण गर्ने र कसरी काम गर्नेभन्ने कुरा स्पष्ट हुनुपर्छ ।

- द्वन्द्व पीडितहरुको दीगो जीविकाको सवाललाई सम्बोधन गर्न अल्पकालीन र दीर्घकालीन दुई रणनीति बनाउनुपर्छ । उनीहरुको पुनःस्र्थापन र पुनःर्निर्माणमा केन्द्रीत हुनुपर्छ । पुनःसंरचना गर्दा ग्रामीण क्षेत्रमा प्रदान गरिने सेवाहरु एकै स्थान (एकद्वारा प्रणाली) बाट दिनसक्ने संरचनाहरु निर्माण गर्नुपर्छ ।

- गाउँस्तरमा गाविसका माध्यमबाट द्वन्द्व पीडित, दलित, महिला र उपेक्षित वर्गको लागि विशेष तालिमहरु सञ्चालन गरी उत्पादनका सामानहरु सहकारीको माध्यमबाट बजारमा लगिनुपर्छ । यस्ता हरेक कार्यक्रमको मूल्यांकन हुन जरुरी छ ।

- सामाजिक द्वन्द्वलाई जीविकाको ग्यारेन्टीबाट रुपान्तरण गर्नुपर्छ । द्वन्द्व पीडितहरुलाई के –के आवश्यक छ भनी राष्ट्रिय सर्वेक्षण गरिनुपर्छ । द्वन्द्व पीडितहरुमा कति व्यापारी, जागिरे, किसान, कुन वर्गका कति परे, के के असर भयो सबै कुरा रेकर्डबाट स्पस्ट बनाइनुपर्छ । यी सबै कुरा गाविस तहमा जानुपर्छ र गाविसलाई जिम्मा लगाइनुपर्छ ।

- सामुहिक छलफलहरुबाट समस्याहरुको समाधानका बाटाहरु खोजिनुपर्छ । द्वन्द्व पीडितहरुलाई पुनः कृषिमा नै आधारित जीविकामा फर्काउनु भन्दा उत्पादनशील अन्य रोजगारी र व्यवसायहरुमा लगाउनु राम्रो हुन्छ । जसले गर्दा बेरोजगार र अर्धबेरोजगारको समस्यालाई हल गर्न सकिन्छ । अदक्ष कामदारलाई दक्ष तथा सीपमूलक बनाउनु पर्‍यो ।

- द्वन्द्व पीडितहरुको दीगो जीविकाका लागि कार्यक्रम बनाउँदा अर्थशास्त्रको गन्ध आउने खालका कार्यक्रम बनाउनुपर्छ । कार्यक्रमहरु सहभागीमूलक हुनुपर्छ । सबैलाई सहभागि गराइ निर्णयहरु गरिनुपर्छ । गाँसबास र कपासको ग्यारेन्टीमात्र होइन राज्यबाट शिक्षा, स्वास्थ्य र रोजगारको ग्यारेन्टीसमेत हुनेखालका कार्यक्रमहरु तर्जुमा हुनपर्छ ।

- द्वन्द्व पीडितहरुलाई वैदेशिक रोजगारको पनि व्यवस्था मिलाउन सकिन्छ । विदेशमा गएकाहरु पुनः द्वन्द्वको मारमा नपरुन भनी राज्य सजग हुनपर्छ । पुनः द्वन्द्व फैलन नदिनका लागि द्वन्द्व पीडितहरुको पीडाका सवाल र दीगो जीविकाको सवालमा सम्बोधन हुन जरुरी छ । त्यसको लागि सामाजिक मेलमिलाप र सत्य आयोगजस्ता प्रभावकारी संयन्त्रहरुद्वारा पीडितहरुसँग बसेर छलफल गरी द्वन्द्वको स्थायी समाधान निकाल्नुपर्छ । मानवलाई सक्षम बनाउँन समान र व्यापक शिक्षाको अवधारणालाई अगाडि सारिनुपर्छ । यातायातका सुविधाको पहुँच हरेक कुनाकाप्चामा पुऱ्याइनुपर्छ । त्यसैगरी राजनीतिककर्मी तथा सरकारी निकायको व्यवहारमा व्यापक परिवर्तन हुन आवश्क छ । केन्द्रले अनावश्यक खर्च कटौती गरी द्वन्द्वग्रस्त क्षेत्रमा सामाजिक सुरक्षा र विकासका अवसरहरु पुऱ्याउनु पर्छ ।

- द्वन्द्वको समाधानको लागि नागरिकको अधिकार विकेन्द्रीकरण हुनुपर्‍यो । स्थानीय स्तरमानै द्वन्द्व समाधानको संयन्त्रहरु निर्माण गरिनुपर्छ । र, यी सबै समस्या समाधानका लागि गैरसरकारी संस्था र सरकारले मिलेर कार्य गर्नुपर्छ । गैर सरकारी संस्थाले विशेषगरी चेतना अभिवृद्धि र आवश्यक नीति निर्माणका लागि वकालत कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ ।

## अनुसूची १ उद्घाटन सत्रका मन्तव्यहरु

**शिवेषचन्द्र रेग्मी, राष्ट्रिय निर्देशक, एक्सनएड नेपाल**

हामी अहिले द्वन्द्वको अन्त्यसँगै शान्ति स्थापनाको मार्गमा छौं । हामीले सबैले द्वन्द्व पछिको समाजको पुनःनिर्माणमा जुट्नु परेको महसुस गरेकै कुरा हो । द्वन्द्व पछिको समाजको पुनःर्निर्माणका क्रममा द्वन्द्वले पुऱ्याएको पीडा र पीडितको व्यवस्थापन मुख्य विषयवस्तु हो । र यसै अनुरुप हाम्रो यस कार्यक्रमको ३ वटा उद्देश्यहरु रहेकाछन् ।

**पहिलो**, विगत ११ वर्षको द्वन्द्वबाट के– कति मानिसहरु पीडित बन्न पुगेका छन् सोको पहिचान गर्ने ।

**दोस्रो**, पहिचान गरिएका द्वन्द्व पीडितहरुको दीगो जीविकाका लागि प्रभावकारी कार्यहरु गर्ने ।

**तेस्रो**, पहिचान गरिएका पीडितहरुको न्यायमाथि पहुँच स्थापनाका लागि सहयोग पुऱ्याउने ।

गल्तीलाई आत्मसाथ गर्न सक्नुपर्छ । गल्तीको वदलामा दण्डको भय रहनुपर्छ । गल्ती गर्नेले दण्ड-सजायलाई स्वीकार्नुपर्छ । गल्तीलाई आत्मसाथ गरी मानवअधिकार उल्लंघनमा संलग्न व्यक्तिहरुले पुनः मानवअधिकार हनन् नदोहोऱ्याउने प्रतिवद्धता जाहेर गर्नुपर्छ । पीडितहरुलाई प्रयाप्त मात्रामा क्षतिपूति तथा राहत उपलब्ध गराउनुपर्छ । उनीहरुले दीर्घकालीन रुपमा आफूलाई स्थापित गर्नसक्ने वातावरण निर्माण गर्नु जरुरी छ ।

द्वन्द्वको पीडालाई सबैले महसुस गरेको छन् । हामी शान्तिका लागि काम गर्दै छौं ।  तर शान्तिका नाममा चुप लागेर बस्ने स्थिति छैन । यसो गरेको खण्डमा यसले अर्कै  किसिमको वातावरण बनाइ दिन्छ । म एउटा सन्देश दिन्छु कि भोलि राज्यपक्षबाट चित्त नवुझेको अर्को समूह निस्कन सक्छ । यस्तो समूहले हतियार बोक्नसक्छ । युद्ध सुरु हुनसक्छ । यस्तो युद्ध निश्चित कालका लागि अगाडि बढ्छ । त्यसैले हामीले भविष्यलाई विचार गरी सानातिना कुरालाई मनन गर्दै अघि बढ्नुपर्छ ।

ठूलो गल्ती गर्नेलाई त्यही किसिमले सजाय दिने र स्वीकार्ने स्थिति सिर्जना हुनुपर्छ । यसलाई सरकार तथा विद्रोही दुबै पक्षले आत्मसात गर्न सक्नुपर्छ । यसो गर्न सकिएन भने यति धेरै व्यक्तिहरुले आहुती दिएको अर्थ रहँदैन । त्यति नै संख्याले मानिसहरुले पीडा बोकेका छन् । विस्तापित र घरवार विहिनको अवस्थामा द्वन्द्व पीडितहरुलाई व्यवस्थापन गर्न सकिएन भने उनीहरुमाथि न्याय गरेको ठहर्दैन ।

द्वन्द्व पीडितहरुको न्यायको लागि हामीले अन्तर्राष्ट्रिय स्तरबाट पनि पाठ सिक्नुपर्ने हुन्छ । दक्षिण अफ्रिकाको सत्य आयोग (Truth Commition) हाम्रालागि उदाहरण हो । हामीले सत्य आयोगमार्फत घटनाहरुलाई केलाउँदै पीडितहरुको व्यवस्थापन गर्न सक्छौं । यसो गर्न सके एउटा नजिर स्थापित हुन्छ । यो प्रक्रिया द्वन्द्व पछिको समाज पुनःनिर्माणका लागि भरपर्दो छ । त्यसैले यस मामलामा हामी अति गम्भीर भएर अलिचाँडै नै अगाडी बढ्नुपर्छ ।

खास गरी यिनै कुरालाई मनन गरी यो गोष्ठी आयोजना गरियो । द्वन्द्व पीडितको प्रमाणीकरणमा छलफल हुनु ज्यादै जरुरी छ । किनकि हामी उपयुक्त मोड र समयमा आई पुगेका छौं । यस गोष्ठीले गति, सल्लाह, सुझाव र मार्गदर्शन गर्न सकेको खण्डमा चाँडै नै पीडितहरुले राहत, क्षतिपूर्ति, सुविधा पाएर आफूलाई समाजमा पुनः स्थापित गर्न सक्ने स्थिति निर्माण हुन्छ । यिनै उद्देश्यहरु लिएर हामीले यो कार्यक्रम आयोजना गरेका हौं । यी दुई संस्था Actionaid Nepal र FOHRID मिलेर गरेको यस कार्यक्रममा यहाँहरुको उपस्थितिबाट हामी ज्यादै खुसी छौं ।

कार्यक्रमलाई दुई सत्रमा विभाजन गरेका छौं । यहाँहरुले सक्रियरुपमा छलफलमा सहभागी भई अमूल्य सुझाव दिनुभएमा हामीलाई उद्देश्यहरु पूरा गर्न मद्दत मिल्नेछ । यहाँहरुको योगदानले जसलाई लक्षित गरेर कार्यक्रम गरेको हो वहाँहरुलाई न्याय गरेको ठहर्नेछ । लक्षित उद्देश्यहरु पूरा गर्न आजको यस छलफल कार्यक्रम सफल रहोस् । यही शुभकामना व्यक्त गर्दछौं ।

**राजेन्द्र पाण्डे– स्थानीय विकास मन्त्री**

हामी आफैंले शान्तिको परिस्थिति निर्माण गर्न सफल भएका छौं । यो हाम्रो लागि गर्व गर्ने ठाउँ हो । वाह्य क्षेत्रको धेरै प्रयत्नपश्चात पनि लामो समयसम्म यस्तो शान्ति सम्झौता हुन नसकेका घटनाहरु संसारमा धेरै छन् । हामीले आफ्नै प्रयत्नबाट यसलाई सफल बनाएका छौं । युद्धको बारेमा भन्दा देशभरि ३९१५ गाविस छन् । कुन गाविसमा कति मान्छे मरे अब हामीले खोज्नुपर्छ । कुनै त्यस्तो गाविस छैन जहाँ जनता पीडित नबनेका होलान् । पर्सा जिल्लामा चार वर्षअगाडि खोज्दा मान्छे नमारिएको भन्ने बुझिएको थियो । तर पछिल्ला दिनमा त्यहाँ पनि मान्छेको रगतको खोलो वग्यो । कयौं मानिस पीडित बने । मानिस मारिने विविध तरिका हामीले देख्यौं ।  जवर्जस्ती माओवादी बनाइएर पनि मारिए । माओवादी भएर पनि मारिए । एउटा घटनाक्रमलाई हामीले अध्ययन गर्दा व्यक्तिगत शत्रुसाधनाका लागि पनि राजनैतिक रंग लगाएर मारिए । अनेकौं खालका घटनाहरु भएका छन् । ११ वर्षका सबै घटनालाई केलाएर हेर्ने हो भने संसारभरका सबै प्रकृतिका घटना यही घटे ।

हामीकहाँ मारिनेहरुको संख्या यति नै हो भनी किटान गरेर भन्न सक्ने स्थिति छैन । म जुम्ला पुगेको थिएँ, त्यहाँ केही समय अगाडी एउटा घटना भएको थियो । त्यतिबेलाको सरकारले मारिने माओवादीको संख्या किटेर रिपोर्ट दिएको थियो । तर त्यो संख्या कम थियो । यसैक्रममा एउटा यस्तो खाल्टो भेटियो, जसमा एउटा मान्छेलाई मारी पुरिएको भनिएकामा धेरै लासहरु भेटियो । लास गाड्ने तरिका विचित्र रहेछ । एउटा खाल्डो खन्ने र सबभन्दा पुछारमा लास राख्ने र त्यसमा अलिकति माटोले छोप्ने, फेरि लास राख्यो त्यसैगरी माटोले छोप्यो । यसरी चाङ लगाएर गाडिएका लासहरुमध्ये सबभन्दा माथिको लासमात्र गनिदो रहेछ । तलका लासहरुको गन्ती नै छैन । हाम्रो यो खोजतलासबाट मारिनेहरुको संख्या शिवेषचन्द्रजीले भनेझैं १३ हजार करिवै भन्नुपर्छ । मैले १७ हजार भन्ने गरेको छु । स्वयं माओवादीले पनि सत्यतथ्य दिन सक्ने अवस्था छैन । त्यसैले यो मारिनेहरुको संख्या धेरै फरक हुनसक्छ ।

म यहीँ धादिङ जिल्लाबाट प्रतिनिधित्व गर्छु । वाग्लुङबाट क्रस गरेपछि केवुलकारको नजीकसम्म मैले प्रतिनिधित्व गरेको क्षेत्र हो । माओवादीद्वारा त्यहाँ हाम्रो पार्टीको १४ जना कार्यकर्ता मारिए । माओवादीद्वारा नेकपा एमालेका कार्यकर्ताहरु सबैभन्दा बढी मारिएको क्षेत्र मलाई त्यही हो जस्तो लाग्छ । सरकारपक्षले पनि माओवादीले झैं मारेको छ । यस्ता खालका घटना विगतमा धेरै घटेका छन् । मारिनेहरुको संख्या र पारिवारिक लागतलाई १५ हजार मान्ने हो भने नेपालको तथ्यांक अनुसार प्रतिपरिवार ५ जनाले गणना गर्दा ७५ हजार मानिस टुहुरा भए । यो हत्याबाट पीडित भएका को अनुमान हो । घरको प्रमुख व्यक्ति मारियो । पौरख र कमाइ गर्नसक्ने मारियो । यस्ता मानिसहरु धेरै संख्यामा मारिएका छन् । यस्तै एउटा उदाहरण मेरो सामु छ, धादिङको गोपी थापा भन्ने एकजना तरकारी व्यापारी धार्केमा तरकारी वेचीरहेको अवस्थामा लगभग ४ सयजना मानिसहरुको बीचबाट नेकपा माओवादीका २ जना कार्यकर्ताले उनलाई लिएर गए र केही पर लगी मुखमा रुमाल वाँधेर निधारमा पेस्तोल हानी मारेर फ्याँकी दिए । त्यसको केही समयपछि म त्यही गाउँमा विद्यालय शिलान्यासका क्रममा पुग्दा करिव ३ वर्षको एउटा वच्चा १ हजार मानिसहरुको भिडबाट आयो र अंकल नमस्कार भन्यो ।  म आश्चर्यमा परे । त्यो वच्चालाई मैले सोधे वावु तिम्रो वावाको नाम के हो ? उसले भन्यो गोपी थापा । मैले फेरि सोधे तिम्रो वावा खोइ त ? उसले सहजै भन्यो माओवादीले मार्‍यो । मलाई फेरि अनायासै सोध्न मन लाग्यो वावु तिमी अव के गर्छौ त ? ठूलो भएपछि म पनि माओवादीलाई मार्छु । यो जवाफ बालकको थियो । त्यस बच्चाले यस्तो सोचाइ कसरी बनायो ? म यस शान्ति सम्झौतामा उक्त घटनालाई जोड्न चाहन्छु । त्यो ३ वर्षे वच्चाले लिएको वदलाको भावना सम्पूर्ण टुहुरा वच्चा तथा पीडितहरुले लिए भने हामी एउटा सम्झौताबाट टुङ्ग्याएको शान्तिलाई वहाल राख्न सक्छौ कि सक्दैनौं ? यहाँनेर समस्या हुने म देख्छु ।

द्वन्द्व पीडितहरुलाई पहिचान कसरी गर्ने ? न्याय कसरी दिने ? रोजगारी कसरी उपलब्ध गराउने ? अझै पनि माओवादीबाट लुट्ने क्रम रोकिएको छैन । उनीहरु हतियार वोकेरै लुटिरहेका छन् । यस्तो अवस्थामा हामीले शान्ति सम्झौतालाई कसरी टिकाइराख्न सक्छौं । मुख्य विचार गर्नुपर्ने कुरा यो हो ।

यसतर्फ सबैको ध्यान आकर्षण हुन जरुरी छ । र, विषेश गरी द्वन्द्व पीडितहरुको जीविकोपार्जनको व्यवस्था भएन भने द्वन्द्वको कारणले विस्थापित भएका मानिसहरुलाई गाउँ फर्काउन सकेनौं भने फेरि पनि समस्या जटिल बन्दै जान्छ ।

अर्कोकुरा नेकपा माओवादीको परिचयपत्रले लाभ लिन सजिलो बनाएको छ । काठमाडौं र भक्तपुर बीचको सिमानामा माओवादी जिन्दावाद भन्दै बगर मिच्ने काम भएको छ । गाउँमा २ सयमुरी अन्न भित्र्याउने मानिस द्वन्द्वका कारण काठमाडौंमा विस्थापित भएका छन् । जहाँ हेरे पनि सिनेमाहलबाट निस्केजस्तो बेरोजगारहरुको भीँड छ । जसको कारण अपराधिक गतिविधि व्याप्त भएको छ । विस्थापित को हुन्, द्वन्द्व पीडित को हुन् र उनीहरुलाई कसरी पुनःर्स्थापित गर्ने भन्नेतर्फ हामीले ध्यान पुऱ्याउनु पर्छ । माओवादीले विस्तापित बनाएका पीडितहरुको घरवार र चलअचल सम्पत्ति कुन स्थितिमा छ वा छैन त्यसतर्फ पनि हाम्रो ध्यान जानुपर्ने हुन्छ । यदि यथास्थितिमा छ भने ठीक छ , छैन भने उसलाई प्राप्त हुनु पऱ्यो ।

जनआन्दोन-२ का २५ जना सहिद भनेर घोषणा गऱ्यौं । निरंकुश शाही सत्ताको विरुद्धमा ज्यान आहुती गर्नेहरुलाई राज्यले क्षतिपूर्तिस्वरुप १० लाख दियो । सहिदका सन्तानलाई छात्रवृत्तिस्वरुप महिनाको ५ हजार दिने निर्णय गरियो । विगत ११ वर्षको युद्धमा मारिनेहरुको संख्या ठूलो छ । जनआन्दोलन- २ का सहिदहरुलाई दिइएको सुविधा ११ वर्षे युद्धमा मारिएकाहरुलाई दिने कि नदिने ? यस्ता समस्याहरु पनि हाम्रो अगाडि छन् । त्यसै गरी पैसा दिनु पर्दा हाम्रो आर्थिक स्थितिले भ्याउँछ कि भ्याउँदैन ? यो राज्यले धान्छ कि धान्दैन ? त्यो पनि विचार गर्नुपर्ने हुन्छ ।

स्थानीय विकास मन्त्री भएको दिन साथीहरुले वधाइका साथै दुइवटा काम गर्ने भन्नु भएको थियो- शान्तिवार्ता सफल बनाउने र संविधान सभाको निर्वाचनमा जाने । एक हप्ता वित्न नपाइ मैले ११ मानिसलाई भेटें, जो सडक चाहियो, खानेपानी चाहियोजस्ता विकासे कामका लाइन लाग्न थाले । मलाई दुइवटा काम गर्नु भन्ने साथीहरु पनि डेलिकेशनको लिडर बनेर आउनुभयो । विगत ६/७ वर्षदेखि जनताले सुख सुविधा र पुर्वाधार निर्माणका सुविधा नपाएका हिसावले पनि यो चाप बढेको हुनुपर्छ । अब भविष्यमा अशान्ति हुने स्थिति रह्यो भने हामी विकासका पूर्वाधारबाट ठगियौं भनी मनन गरे हुन्छ ।

हिजो राजनैतिक कारणले द्वन्द्व सुरु भयो । अब भोलि काठमाडौंले भने हस्पिटल र सडकलगायतका सुविधा पाउने हामीले चैं किन नपाउने भनेर द्वन्द्व सुरु हुन्छ । काठमाडौं र हुम्ला-जुम्ला जस्ता पृथक क्षेत्रका कारण पनि अर्को द्वन्द्व सुरु हन्छ । यसलाई कसरी व्यवस्था गर्ने भन्ने कुरा पनि हाम्रो अगाडि आएको छ । त्यसैले यसका लागि ३/४ वटा कुरामा ध्यान पुऱ्याउनु पर्ने हुन्छ । द्वन्द्व पीडितहरुको पहिचान गर्ने कुरामा समस्या छ । अस्ति भएको जनआन्दोलन-२ को म नेकपा एमालेको जनपरिचालन कमिटीको सचिव हुँ । आन्दोलन परिचालनको वेलामा मैले म्यान्यूटली रिकर्ड राख्ने गरेको थिए । कुन जिल्लामा कस्ता घटनाहरु भयो, को मारिए, कति घाइते भए, के नाम गरेका व्यक्ति घाइते भए सारा रेकर्डहरु हामी राख्दथ्यौं । त्यस्तो रेकर्ड राख्दा राख्दै त जनआन्दोलनका घाइतेहरुको उपचारको सुविधा दिलाउन भनी हामीले सांसदहरुलाई राखेर बनाएको कार्यालयमा को को आए, को को आए । त्यो जनआन्दोलन घाइतेको सुविधाको कोषबाट जसलाई पनि सुविधा लिन मन लाग्ने स्थिति बन्दो रहेछ । त्यो खालको समस्या द्वन्द्व पीडितहरुको सम्बन्धमा पनि आउँछ ।

२०४५ सालको भू–कम्पमा मदनकृष्ण हरिवंशले व्यङ्ग नाटक खेल्दा क्यारिकेचर गर्ने सिलसिलामा एउटा व्यङ्ग  गरेका थिए । मन्त्रीज्यू मेरो घर पनि भत्किएको हो भनी लिस्टमा हालीदिनु पऱ्यो । अब तपाई मन्त्री भएको बेलामा मैले यति सुविधा पनि नपाउने भनी मन्त्रीको सालोले भन्थ्यो । त्यस किसिमका समस्या आउँछन् । अब द्वन्द्व पीडितको लिस्टभित्र हालीदिनुपर्छ । त्यसबेलामा हराएको थियो । वेपत्ता भएको थियो भनी अनेक किसिमका समस्या आउनेछन् । क्रोनिक समस्याको रुपमा प्रस्तुत हुनसक्छ ।

एउटा मात्र गैर द्वन्द्व पीडितले त्यो सुविधा पायो भने अर्को विद्रोह सुरु हुन्छ । असाध्यै धेरै वदलाको भावना चर्किन सक्छ । यसलाई हामीले न्यूनीकरण गर्नुपर्छ । मेलमिलापको वातावरण कसरी बनाउन सकिन्छ । हामीले त्यो शान्तिवार्तामा हस्ताक्षर गर्ने क्रममा पनि झल्काएका छौं ।

तेस्रो कुरा, अब राजनैतिक पाटीहरुबीच होडवाजी चल्नसक्छ । मैले गर्दा यो स्थिति ल्याएको हो । निरंकुश राजालाई दरवारको कुनामा थन्क्याउने काम मैले गर्दा भएको हो । हाम्रो पार्टीले गर्दा भएको हो । अतः यसको जस हामीले पाउनुपर्छ । यो होडवाजी संविधानसभाको निर्वाचनमा ठोकिन पुग्छ । जसले गर्दा अर्को समस्या पनि जन्मन सक्छ । जसका लागि राजनैतिक तहमा बडो गम्भीर भएर सोच्नुपर्ने हुन्छ । अहिले हामीलाई प्राप्त उपलब्धीलाई विशेष ध्यान पुर्‍याउनुपर्नेछ । मैले स्थानीय विकास मन्त्रालयबाट अलिकति भए पनि सुरु गरौं भनी द्वन्द्व पीडित भन्ने शब्द नराखीकन एउटा कार्यक्रम अगाडि बढाएको छु ।

सबै गाविसमा महिला लक्षित कार्यक्रम तय गरिसकेको छ । प्रत्येक गाविसले कम्तिमा ५० हजार रुपैया महिलाका लागि, २५ हजार अपाङ्गहरुका लागि, २५ हजार आदिवासी जनजाति सवाल भनी, २५ हजार बालबालिका र २५ हजार दलितहरुका लागि गरी १ लाख ५० हजार रुपैयाँ प्रत्येक गाविसका लागि छुट्याइएको छ । र, यो काम गर्न हामीले निर्देशन दिएका छौं । यो कार्यक्रममा द्वन्द्व पीडित भन्ने शब्द त राखिएको छैन । तर उनीहरुलाई नै समेट्नु पर्ने हुन्छ ।

अहिले राष्ट्रिय सेन्टीमेन्टलका कुराहरु पनि छन् । यो कुरालाई समेटियोस् भनी हामीले निर्देशन जारी गरिसकेका छौं । यसै गरी विगतमा राष्ट्रिय मूलधारबाट अलग्गिएकाहरु, ध्यान नदिएको आदि कुरा जोडदार रुपले उठिरहेको दलितहरुको र आदिवासी जनजातिका सवालहरु छन् । यी कुराहरुलाई पनि जिल्ला विकास समिति, जिल्ला समन्वय समिति निर्माण गर्दै उनीहरुको हक अधिकार समेट्ने जिल्ला विकास समितिको छानाभित्र नै उनीहरु समस्याका बारेमा छलफल गरियोस् भनी हामीले जिल्ला समन्वय समिति निर्माण गर्ने निर्णय गर्दै जिल्लालाई परिपत्र गरिसकेका छौं । कमसेकम यसबाट सुरुवात होस् । स्थानीय विकास मन्त्रालयले यो क्षेत्रमा काम गरियोस् भनी गाविसलाई विगतमा दिएको ५ लाखलाई बढाएर १० लाख पुर्‍याएको छ । यो दशलाखमा पाचलाखलाई पूर्वाधार निर्माण र बाँकी ५ लाख सामाजिक सेवा र सामाजिक सुरक्षाहरुमा ध्यान दिई अहिलेको समस्या समाधान गर्न सकियोस् भनी हामीले ध्यान दिएका छौं ।

**माननीय लक्षणप्रसाद अर्याल–पूव न्यायाधीश सर्वोच्च अदालत**

एक शब्दमा र शुत्रमा भन्दा अशान्तिको अर्थ हो, अन्याय । अन्यायबाट अशान्ति जन्मन्छ । त्यसकारण हामीले सकेसम्म समाजबाट अन्यायलाई हटाउनुपर्छ । हामीले समाजलाई अन्यायबाट मुक्त गर्न र न्यायाशील बनाउन सकेनौ भने त्यो समाजले कुनै उपलब्धी गर्न सक्दैन । त्यो देशले ठाडो शिर गर्न सक्दैन । जनआन्दोलनको जुन पहाड हामीले चढेका थियौं त्यसका लागि जुन परिश्रम परेको थियो । त्यो पहाडबाट ओर्लदाखेरी अझ बढी सजग भएर ओर्लनु पर्ने हुन्छ । अति उचाइ भयो भने ओर्लने बेलामा उति धेरै कठिनाइ हुन्छ अर्थात् व्यवस्थित गर्ने क्रममा यो शान्ति सम्झौताले पहिलो कार्य गरिरहेको छ ।

आषाढ २ गते र कार्तिक २२ गतेको समझदारीले द्वन्द्व पीडितहरुको न्यायको भागलाई प्रयाप्त संवोधन गरेको थिएन । यो शान्ति सम्झौतामा यसपालि तपाईं हामी सबैले सजग गराउँदा शान्ति सम्झौताले द्वन्द्व पीडितहरुको समस्यालाई पनि ध्यान दिएको छ । अब यसलाई हामीले कार्यान्वयन गर्नुपर्छ । र, द्वन्द्व पीडितहरुको सम्बन्धमा मैले पहिले देखि भन्ने गरेको थिएँ । द्वन्द्व पीडित कसलाई भन्ने त्यो स्पष्ट छैन । जस्तो अपराध भन्नाले क्रियालाई जनाउँछ । त्यस्तै द्वन्द्व भन्नाले द्वन्द्वबाट पीडा पाउनेलाई जनाउँछ । त्यो जोसुकै होस् । न्याय सबैलाई चाहिन्छ । जुनसुकै प्रकारबाट युद्धमा परेको होस् । युद्धको चपेटामा परेको मानिसलाई द्वन्द्व पीडितमा राख्नु पर्ने हुन्छ । किनकि न्याय सबैलाई आवश्यक छ र चाहिन्छ पनि

। खाली सज्जनलाई मात्र न्याय चाहिन्छ भन्ने होइन । दुर्जन, कसुर गर्ने र कैदमा वसेकालाई पनि न्याय चाहिन्छ । जसरी मानिसलाई मानिस भएसम्म मानवअधिकार चाहिन्छ त्यसैगरी मानवभएसम्म सबैलाई न्याय चाहिन्छ । किनकि मानवताको प्रथम लक्ष्य हो न्यायशीलता । न्याय भएन भने ऊ पशु सरह हुन जान्छ ।

अहिले प्रमाणीकरण धेरै सजिलो भएको छ । पहिलेको जस्तो पक्षपाती समस्या अहिले छैन । न्याय पाउने कुरामा सबैले समानरुपमा न्याय पाउनुपर्छ भन्ने धारणा छ । अहिले हामी संक्रमणकालीन न्यायमा छौं । त्यसको अवधारणातिर लाग्नुपर्छ । हाम्रो सामुन्ने अहिले बाजेका पालामा परेका मुद्दा नातीको पालामा पनि नटुङ्गिने यही पुरानो अदाली प्रक्रिया विद्यमान छ ।  यसलाई अपनायौ भने त न्याय पाउने होइन अन्याय थपिँदै जान्छ । त्यसैले तत्कालै रिलिफ हुन पर्‍यो । त्यसका लागि हामीलाई ट्रान्जिसनल जस्टीसले छुँदैन र  विशेष व्यवस्था गरिनुपर्छ । विशेष सोच राख्नुपर्छ । जसरी हामी शान्तिका लागि विशेष व्यवस्थाको रुपमा आन्तरिक संविधान लगायतलाई सोचेका छौं । त्यस्तै गरी समानता, न्याय र रोजगारी यी सबै प्रस्तावित संविधानमा र शान्ति सम्झौतामा पनि परेका छन् । Rights to employee लाई पनि Fundamental Right को रुपमा लिइएको छ । Fundamental Rights को सम्बन्धमा भन्नु पर्दा All Fundamental Rights is Rights/All Human Rights is not fundamental Rights / यो अलि फरक छ । Fundamental Rights हुँनासाथ यो Human Rights भइहाल्छ ।

मानवअधिकार मानिसको रुपमा मानिस भएर पाइने अधिकार हो । मानवअधिकार कसैले दिइरहनु पर्ने र त्यसका लागि पर्खी रहनुपर्ने विषय होइन । त्यसैले हामी सभ्य हुने हो भने मानिसले मानिसको व्यवहार गर्नुपर्छ । अहिले रोजगारीको अधिकारलाई पनि हामीले विशेष रुपमा जोड दिनुपर्छ । कुनै घाउको उपचार राम्रोसँग भएन भने त्यो घाउमा खिल पल्टी रहन्छ  अर्थात् हाम्रो समाजमा जनआन्दोलन र माओवादी आन्दोलनका कारण यथावत रहन जान्छ । त्यसकारण हामीले स्थायी शान्ति प्राप्त गर्नका लागि अशान्तिका कारक तत्वहरुलाई निर्मूल गर्नुपर्छ । हामीले न्याय दियौ भने अन्याय हट्छ । न्याय भएपछि द्वन्द्व हट्छ । अहिले हामीकाहाँ यो दण्डहीनता जुन शिवेष रेग्मीजीले भन्नुभयो त्यो निश्चय पनि छ । अहिलेको संक्रमणकालीन अवस्थामा यो मुद्दा जटिल छ । यसमा तर्सनु र झस्कनुपर्ने अवस्था छैन । यो त्यस्तै हो । पानी वगिरहँदा तलतल जाने कार्य हो । माथिमाथि जाँदैन । त्यस्तै, कानुन बमोजिम चल्नुपर्छ । माथि घच्घच्याउनु पर्छ ।  बाटो वदल्नुपर्छ । देश वदल्नुपर्छ ।

अहिले यहाँ ठूला ठूला अपराध गरेपनि सजाय नहुने स्थिति छ । हामीकहाँ तत्कालको कानुनले कसुर हुनेमा मात्र सजाय हुने भन्ने परिभाषा रहेको थियो । यही ०४७ को संविधान र संसारका अन्य मुलुकहरुमा पनि भूत प्रभावित कानुनहरु नबन्ने व्यवस्था छ । प्रस्तावित अन्तरिम संविधानमा मानवअधिकार विरोधी कार्य वा अपराधको सम्बन्धमा कानुन बनाएर त्यसलाई Criminalize गर्न सकिन्छ । कानुन भएको बेलामा मात्र सजाय हुने नत्र सजाय गर्न नमिल्ने किसिमको अवस्था विद्यमान छ । यदि अब सिफारिस गरेको अन्तरिम संविधानको यो व्यवस्था लागू भयो भने भूत प्रभावी कानुन बनाएर भएपनि पहिलेका अपराधीहरुलाई (मानवताविरुद्धका अपराध खास गरी मान्छेको धन, नजहत्या) सजाय गर्न सकिन्छ । यो व्यवस्था अन्तरिम संविधानमा सिफारिस गरिएको छ । अतः यसतर्फ पनि सोचेर कार्य गर्नुपर्छ ।

रायमाझी आयोगले राजालाई त्यसवेलामा गरेको कार्यका विरुद्ध सजाय गर्ने ऐन थिएन र त्यसैले अब कानुन बनाएर भएपनि राजालाई दण्ड दिने सिफारिस गरेको छ । यो दण्डहीनता विद्यमान रहन नदिन कानुन बनाउनुपर्छ । विगत जनआन्दोलनका क्रममा भएका दमनहरु मानवताविरोधी अपराध हुन् । अतः कानुन बनाएर त्यसलाई अपराधीकरण गर्न सकिन्छ । प्रमाणीकरण गरी (Identification) न्याय दिन सकिन्छ । रोजगारीका लागि यसले सजिलो बनाउँछ । विस्तापितहरुलाई पुनःर्स्थापन गर्न र न्याय दिन सजिलो बनाउँछ । यतातिर हामीसबैले ध्यान दिनुपर्छ । यस्ता समस्यामा केन्द्रित यो कार्यक्रम ज्यादै उपयोगी र समायोचित छ ।

**सम्माननीय सभामुख सुवास नेम्वाङ**

सर्वप्रथम यहाँहरुले उपयुक्त समयमा, उपयुक्त विषयलाई छलफलका लागि उठाउनु भएको छ । ऐतिहासिक शान्ति सम्झौता भइसकेपछि अब प्राथमिकतामा परेको विषय पनि यो हो । त्यसैले उपयुक्त समयमा यहाँहरुले छलफल सुरु गर्नुभयो । मलाई खुसी लागेको छ । सम्बन्धित तथा अनुभवी संस्थाहरुसमेत सहभागी भएर गर्नुहुने छलफलले एउटा महत्वपूर्ण निष्कर्ष निकाल्नेछ । जुन निष्कर्षलाई लिएर अगाडि बढ्दा यस क्षेत्रमा रहेका समस्याहरुलाई हामी संवोधन गर्न सफल हुनेछौं । भरखरै हामीले एउटा ऐतिहासिक सम्झौता गरेका छौं । यो सिंगो नेपाली जनता र मुलुकको विजय हो । मुलुकलाई एउटा निश्चित निष्कर्षमा पुर्‍याउनको लागि यसले एउटा महत्वपूर्ण निर्णय आधारका रुपमा काम गर्दछ भन्ने कुरामा विवाद छैन । यो ऐतिहासिक सम्झौताले सशस्त्र द्वन्द्वको एउटा पक्ष नेकपा (माओवादी)लाई पनि अब एक-दुइवटा औपचारिक कुरा गर्दा राज्यपक्ष बन्ने आधार भइसकेको छ ।

अन्तरिम संविधान र अन्तरिम व्यवस्थापिकाको घोषणापश्चात नेकपा (माओवादी) पनि मुलुकले गरेको अन्तरिम व्यवस्थापिकामा सहभागी भएपश्चात राज्यपक्ष बन्न पुग्छ । त्यसैले यो महत्वपूर्ण र ऐतिहासिक सम्झौताले जुन आधार खडा गरेको छ । हामीले त्यो औपचारिकता पूरा गरिसकेपछि सिंगो मुलुक एक भएर पीडितहरुलगायतका सम्पूर्ण समस्यालाई संवोधन गरेर अगाडि बढ्नका लागि मुलुक एक हुनसक्ने अवस्था सिर्जना भएको छ । यो सारै सकारात्मक पक्ष हो । यसका बारेमा विवाद छैन । निश्चय पनि मुलुकका अगाडि धेरै चुनौतिहरु छन् । संभावनाहरु पनि छन् । अहिले चुनौति र चुनौतिहरुलाई सामना गरेर निष्कर्षमा पुग्नु छ भने मुलुकलाई समस्याहरुको निकासको एउटा निष्कर्षमा पुर्‍याएर सबै प्रकारका समस्याहरु समाधान गरेर फेरि कहिल्यै पनि जनताले आन्दोलनका लागि सडकमा उत्रनु नपर्ने, फेरि कहिल्यै पनि द्वन्द्वको पीडाहरु भोग्नु नपर्ने गरी समस्याहरु समाधान गर्ने अवसर हाम्रा अगाडि छ । यो ऐतिहासिक संझौता गरिसक्दा पनि केही दिन अगाडि भएको जनआन्दोलनले जे लक्ष राखेको थियो त्यो मूलभूत लक्ष अहिले पनि प्राप्त भएको छैन ।

जबसम्म नेपाली जनतालाई राज्य शक्तिको श्रोत बनाउँदै सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा राख्ने हामी संस्थागत व्यवस्था गर्दैनौं, त्यसका लागि राज्यको पुनः संरचना गरेर समावेशी र सहभागीमूलक लोकतन्त्र स्थापना गर्न सक्दैनौं, जसको लागि सिंगो मुलुकले अठोट गरेको प्रतिनिधि सभाले सर्वसम्मत रुपमा पारित गरेर सिंगो मुलुकको साझा एजेण्डा बनाइएको संविधानसभाको निर्वाचन हामी सम्पन्न गर्न सक्दैनौं र संविधान सभाको निर्वाचनमार्फत हामी संविधानको निर्माण गर्न सक्दैनौं ,त्यो ऐतिहासिक आन्दोलन संस्थागत हुँदैन । जनताको अधिकार संस्थागत हुँदैन र जनताको ठोस अधिकार प्राप्त गर्ने आधार हुँदैन । त्यो मूल लक्ष्य प्राप्त गर्न बाँकी छ । तर त्यो मूल लक्ष्य प्राप्त गर्नका लागि अगाडि बढ्ने आधार भने हामी तयार गर्दै अगाडि बढिरहेका छौं । त्यही आधारहरुमध्येमा भर्खर सम्झौता भएको वृहत् शान्ति सम्झौता पनि एउटा ठोस र महत्वपूर्ण आधार हो । त्यही आधारमा उभिएर द्वन्द्व पीडितहरुका समस्यालाई सदासर्वदाको लागि संबोधन गर्न, ती पीडितहरुको समस्या भोलि फेरि द्वन्द्वको कारण नवनोस् भनी हामी सचेत रहेर छलफल गरिरहेका छौं भन्ने कुरामा विवाद छैन ।

मलाई विश्वास छ मैले अगाडि पनि भने हामीले यहाँ जुन ढंगले व्यवस्थित रुपमा छलफल सुरु गरेका छौं । यसले हामीलाई निश्चय पनि एउटा निष्कर्षमा पुर्‍याउनेछ । हिजोका समझदारीहरु र भर्खर सम्पन्न भएको वृहत् शान्ति सम्झौतामा मुलुकका जिम्मेवार राजनीतिक दलहरुले यो समस्याको समाधान गर्न प्रतिवद्धता व्यक्त गरेका छन्, ठोस आधार अघि सारेका छन् । दक्षिण अफ्रिकाको अनुभवको कुरा पनि आएको छ । ट्रुथ कमिशनको कुरा आएको छ । यस्ता उच्च स्तरीय आयोग निर्माण गरेर यो समस्यालाई समाधान गर्ने प्रतिवद्धताहरु व्यक्त भएका छन् । मलाई लाग्छ अगाडि बढ्ने र निष्कर्षमा पुग्ने एउटा राम्रो आधार हुनसक्छ । यहाँहरुले राम्रो विषयमा छलफल सुरु गर्नुभएको छ । द्वन्द्व पीडितहरुको पहिचान गर्ने, न्यायमा पहुँच बारे छलफल गर्ने र दीगो जीविकाको बारेमा छलफल गरेर एउटा निष्कर्षमा पुग्ने, द्वन्द्व पीडितहरुका समस्याको साङ्गो-पाङ्गो पक्षलाई समेटर यहाँहरु

छलफल गर्न लाग्नुभएको छ । यी सबै ज्यादै सकारात्मक कुरा हुन् । सशस्त्र द्वन्द्वका जुनसुकै पक्षबाट पीडित भएपनि तिनका समस्या हाम्रो छलफलको विषय हो ।

यहाँहरुले ठीक विषय उठाउनु भएको छ । मलाई विश्वास छ, यसलाई ठीक ठाउँमा ठीक निष्कर्षमा पुऱ्याउनका लागि यहाँहरुको छलफलले एउटा महत्वपूर्ण भूमिका निभाउनेछ । यहाँहरुलाई यस्तो वातावरण सिर्जना गर्नको लागि अनुरोध गर्छु । साथै, सबै पार्टीहरुलाई अनुरोध गर्छु कि यहाँहरुले जुन ऐतिहासिक सम्झौता गर्नुभएको छ, त्यसको मूल लक्ष्य हासिल गर्न बाँकी छ । त्यस्तै, हाम्रा अगाडि गम्भीर चुनौति र सम्भावनाहरु छन् । यो वेलामा जिम्मेवार राजनैतिक दलहरुले र नेकपा माओवादीसमेत सम्पूर्ण जिम्मेवार पक्षहरु, जबसम्म संविधानसभाको निर्वाचन हुँदैन, नयाँ संविधान बन्दैन मुलुकले नयाँ संविधान प्राप्त गर्दैन, जनआन्दोलनको भावनाअनुसार जबसम्म जनताका अधिकारहरु संस्थागत हुँदैन, मुलुक सकारात्मक दिशातर्फ अगाडि बढी कसैले पनि अब अधिकार खोस्न सक्दैन भनी सुनिश्चितता हुँदैन तबसम्म जिम्मेवार राजनैतिक दलहरुले आपसमा विवाद गर्ने बेला होइन । त्यो विन्दुसम्म राजनैतिक दलहरु एक भएर बढ्नुपर्छ । त्यो वातावरण सिर्जना गर्न यहाँहरुले पनि आफ्नो क्षेत्रबाट कार्य गर्नुपर्छ । यसो गर्नाका लागि सम्पूर्ण Issues हरुमा समान धारणा बनाउँदै सिंगो मुलुकलाई त्यो विन्दुसम्म पुऱ्याउँछौं भनेर जनता र मुलुकलाई आश्वस्त गराउनका लागि म सातदल र नेकपा माओवादीसमेतको आठदललाई आग्रह गर्छु । अन्त्यमा यहाँहरुको यस्तो महत्वपूर्ण कार्यक्रम सफलतामा पुगोस् भन्ने शुभकामना दिन्छु ।

## नूतन थपलिया– सभादक्ष, वरिष्ठ मानवअधिकारवादी नेता

हामीकहाँ क्षेत्रीय, लैंगिक, जातीय, भाषिक र धार्मिक भेद छन् । यसले गर्दा आर्थिक, सामाजिक पछ्यौटेपन छ र यसैबाट द्वन्द्व आयो । हामी अहिले धेरै हदसम्म द्वन्द्वको अन्त्यतर्फ अगाडि बढेका छौं । हामी करिव-करिव शान्तिको विन्दुतर्फ अगाडि बढेका छौं । यो प्रक्रियालाई विदेशीहरुलेसमेत तारिफ गरेका छन् । अहिले हामी धेरै छिटो भएका छौं । धेरै राम्रो काम गऱ्यौ भन्ने उनीहरुको भनाइ छ । हाम्रो क्षेत्रका छिमेकी देशहरुभन्दा हामी निक्कै अगाडि बढेको पाउँछौं । यो नेपालीको गौरवको कुरा भएको छ । द्वन्द्व भयो । द्वन्द्वमा दुबैतर्फबाट मानिसहरु पीडित भए । माओवादीबाट बढी पीडित भएका हुनसक्छन् । संख्या विभिन्न हजारमा आएका छन् । संख्या जति होला तर शान्ति सम्झौता गरेर माओवादीसहित संसद बनेर उनीहरुको समेत सरकार बन्ला ! तर यहाँ विचार पुऱ्याउनुपर्ने कुराचाहिँ द्वन्द्व पीडितहरुको समस्या हल भयो,भएन ? उनीहरुले न्याय पाए या पाएनन् ? उनीहरुका लागि न्याय चाहियो । न्यायमा एउटा नेगेटिभ न्याय हुन्छ । त्यसमा अन्याय गरेकाले दण्ड पाउनुपऱ्यो । यसमा माओवादीले देशमा परिवर्तनको लागि हामीले कार्य गरेको हो, कसैलाई मार्ने उद्देश्यले हामीले द्वन्द्व गरेको होइन भन्नसक्छ । माओवादी कार्यकर्ताले उनीहरुले हामीमाथि अन्याय गरेकोले हामीले कार्वाही गरेका हौं भन्लान् । घरखेत खाइदियो । त्यसैले मारिदियौं भन्नसक्छ, त्यस्तै अन्य कारणहरु दिन सक्छन् । वर्गीय शत्रु भने आफ्नो व्यक्तिगत रिस ईवीका कारणलेसमेत मानिस मारेका हुनसक्छन् । अब, यी सबैलाई कसरी न्याय गर्ने ? कसरी न्याय दिलाउने ? यस सम्बन्धमा साउथ अफ्रिकाको उदाहरण हाम्रा सामु आउँछ । उनीहरुले सत्य आयोग बनाए । त्यहाँ गोराले कालालाई धेरै मारेका थिए । त्यसका नेताले माफी मागे । जसको संरक्षणको हत्या भएको छ, बालबालिकाको हत्या भएको छ , तिनीहरुका अगाडि माफी मागेपछि उनीहरुले पनि आत्मालाई साक्षी राखेर माफी दिए ।

किनकि जसले हिजोको परिस्थितिमा माऱ्यो तर त्यसको लागि क्षमा मागिसकेपछि अब रिसहरु बढाउनु हुँदैन भन्ने वातावरण सिर्जना गरी माफी दिइयो । उनीहरुले क्षमा मात्र दिएनन् । अबदेखि तिमीहरुसँग मेरो रिस, वैरभाव र घृणा हुनेछैन भनी भने । त्यसकारण अब माओवादी विद्रोहीहरुले पनि आमावावु मारिएको, बालबालिका मारिएको, अंगभंग भएका अगाडि माफी मागिदिएको खण्डमा उनीहरुको मन शान्त हुने र अर्को उनीहरुबाट पछि घृणा हुने, द्वेष हुने र रिस ईवीका कुराहरु छोड्छन् । यस्तो वातावरणको सिर्जना हामीले गर्नुपर्छ । यसो गर्न गाऱ्हो छैन । कति द्वन्द्व पीडित छन् भन्ने पत्ता लगाइनुपर्छ ।

जसको जीविकाको हरण भएको छ तिनको जीविका प्रदान गर्नु हाम्रो तथा राज्यको दायित्व हो । संयोगले गर्दा उनीहरुको जीविका हरण भएको हो । माओवादीले क्रान्तिको आधारमा गरे । पीडितहरु मकैमा घुन पिसिएझैं पिसिएका छन् । अब उनीहरुको जीविकाको ग्यारेन्टी हुनुपर्‍यो । वस्तुभाउ छैनन्, कुटोकोदालोलगायत कृषिका लागि आवश्यक औजार छैनन् । ६ महिनाको लागि खानपुग्ने अन्नपात पनि छैन । अतः यस्तो अवस्थामा हामीले उनीहरुलाई सहयोग पुर्‍याउनुपर्छ । यति गरिसक्दा पनि एउटा कुरा विचार पुर्‍याउनुपर्छ । पहिले-पहिले राजनीतिक पीडितहरुको नाममा सहयोग पुर्‍याउन खोज्दा त्यो २००७ सालमा होस् या २०४६ सालमा होस् ,त्यसमा राजनीति पीडितभन्दा अन्य मान्छे बढी आएका थुप्रै उदाहरणहर छन् । त्यस्तै, यसमा पनि द्वन्द्व पीडित भन्दा अरु नै बढी आउने सम्भावना हुन्छ । अन्य किसिमका मानिसले नै बढी चान्स पाउने सम्भावना रहन्छ । त्यसकारण अहिले राज्यसँग साधन श्रोत पनि धेरै छैन । अतः सही द्वन्द्व पीडितमात्र परोस्, सोको लागि जसले यो द्वन्द्व पीडित हो भनी सिफारिस गर्छ यदि त्यो गलत निस्किएमा सिफारिस गर्ने र त्यसबाट फाइदा लिन खोज्ने वा लिने त्यसलाई कार्वाही हुनुपर्छ । जरिवाना हुनुपर्छ । दण्ड जरिवानाको व्यवस्था भएमा गलत सिफारिस कम हुन्छ, लिने दिने दुबै हच्किन्छन् । त्यसो भएको खण्डमा अनावश्यक झनझट कम हुन्छ ।

अब, अन्त्यमा म के भन्न चाहान्छु भने नेपालमा अहिले दण्डहीनतासम्बन्धी कुरा व्यापकरुपमा आइरहेको छ । युरोप, अमेरिकालगायत कतिपय देशमा यो कुराको निकास निकै अगाडि बढेको पाइन्छ । दण्डहीनताको अन्त्यको लागि कतिपय देशले कानुन पनि निर्माण गरेका छन् । कतिपय देशमा त्यस सम्बन्धमा नयाँ आन्दोलन चलिरहेको छ । फौजदारी कानुनमा भूतप्रभावी कानुन राज्यले निर्माण गर्नु हुँदैन भन्ने सिद्धान्त पाइन्छ । तर मानवअधिकार हनन्को विषयमा भूतप्रभावी कानुन निर्माण गर्न पाइने छ भनिएको छ । त्यसकारण यहाँ हामी (फोरिड)ले एउटा कानुन ड्राफ गरिरहेको छ । यसलाई अन्तिम रुप दिएपछि अबको संसदका सदस्यहरुलाई र कानुन मन्त्रालयमा हामीले पेश गर्नेछौं । यसो गर्दा सरकारलाई कार्य गर्न सजिलो र छिटो हुन्छ भन्ने हामीलाई विश्वास छ । यो कानुन आवश्यक छ । यसलाई सरकारले घोषणा गरोस् भन्ने वातावरण बनाउन पनि आवश्यक छ । यसमा तपाईंहरु सबैको आवश्यकता छ । हामीले यस किसिमको आशा राखेका छौं ।